पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३१ २०६९ चैत २ गते शुक्रबार (March 15, 2013) मूल्य रू. ७/-

## मुलुक चक्रव्यूहमा फस्यो : थापा



काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले राष्ट्र षड्यन्त्रको चक्रब्यूहमा फसेको भन्दै चिन्ता प्रकट गरेका छन् । ठूला भनिएका नेताहरूबाट राजनीतिक र संवैधानिक संकटमा फसेको मुलुक तिनका स्वार्थले संकटमा फस्दै जाने भविष्यवाणी गरेका छन् ।

थापाका अनुसार उग्रवामपन्थी धार संसारबाट विदा भयो । तर नेपालमा गरिबी र अचेतनाका कारण उर्भर भन्दै गएको छ । यही कराण शान्ति र संविधानको अपेक्षा पुरा हुन सकेन । अझै पनि ठूला भनिने नेताहरू

(बाँकी अन्तिम पेजमा)

# आगोको ज्वालामा खिलराज

काठमाडौं । तीन ठूला दल एकीकृत नेकपा माओवादी, नेपाली, कांग्रेस, नेकपा एमाले र मधेशी मोर्चाले सत्ता लोलुपताको चरित्र प्रदर्शन गरेर मुलुकलाई अनिर्णयको बन्दी बनाई राखेको बेला ती दलका शीर्ष नेताहरूले अन्ततः सामूहिक रूपमा खरानी घसेर सर्वोच्च आदालतका वहालवाला प्रधानप्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिएका छन् । रेग्मी मन्त्रिपरिषद्को अध्यक्ष नहुँदै चौतर्फी रूपमा रेग्मीको विरोध भएपनि दलहरूले विरोधका आवाजहरूलाई उपेक्षा गर्दै चुनावी सरकारको नेतृत्व रेग्मीलाई दिएपछि अन्य साना दलहरू रेग्मी सरकारको विरूद्धमा सडकमा आन्दोलनमा गएका छन् ।



हत्या गरिएको तत्कालिन संविधानसभामा उपस्थित ३३ दलहरू मध्येका २२ दलले सडक संघर्ष गर्ने भएपछि रेग्मी सरकारलाई पहिलो गाँसमै ढुँगा परेको छ । तीन ठूला दलहरू र मधेशी मोर्चाकै कारण तत्कालिन संविधानसभाको हत्या भएको थियो । दलहरूले रेग्मीलाई सरकारको नेतृत्व दिलाउनलाई प्रधानमन्त्री पद भने नदिएर मन्त्रिपरिषद्को अध्यक्ष पदमा सहमति गरेर दलहरूले रेग्मीलाई अग्नी परीक्षामा होमिदिएका छन् । नेपालको इतिहासमै सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश कार्यापालिका प्रमुख भएको यो नै पहिलो पटक हो । २०६८ सालम मंसीर ७ गते रेग्मीसहितको सर्वोच्च अदालतको पूर्ण इजलासले संविधानसभाको आयु निरन्त थप्न नहुने भन्दै २०६९ जेठ १४ गतेभित्रमा संविधान निर्माण भएपनि, नभएपनि संविधानसभा विघटन हुने फैसला गरेका थिए । अहिले समय र परिस्थिति फेरिएको छ र तिनै फैसला दिने व्यक्ति नै सरकार प्रमुख भएर निर्वाचन गराउने दायित्व समेत पाएका छन् ।

(बाँकी अन्तिम पेजमा)

## भित्र भित्रै दलहरू भागवण्डामा

काठमाडौं । हामीले जे गरेपनि हुन्छ, हामीले गरेका निर्णय राष्ट्रिय सहमति हुन्छ भन्ने अहम् पालेका शीर्ष दलहरूले निर्वाचन आयोग, महालेखा परीक्षण, अख्तियार, लोकसेवा आयोग, राजदूतहरूसम्म पनि भित्रभित्रै कोटा निर्धारण गरेका छन् । यहाँसम्मकी नयाँ सरकारका मन्त्रीहरूमा समेत भागवण्डा गरेका छन् ।

जसरी सर्पको मुखमा परिसकेको भ्यागुतोले आफ्ना अगाडि झुम्मिएको किरा पनि छाड्दैन्, ठीक त्यसै प्रकारले शीर्ष दलहरू विदेशी चलखेलका सामु संवैधानिक नियुक्तीहरूमा भागवण्डा गरिरहेका छन् । यस्ता स्वार्थ लम्पट दलहरूले संक्रमणमा फसेको (बाँकी अन्तिम पेजमा)

## बाबुराममलाई नियम कानुन किन लाग्दैन

अभियान संवाददाता



काठमाडौं/ कामचलाउ प्रधानमन्त्री डा.बाबुराम भट्टराई आफैंले सम्हालेको उर्जा मन्त्रलयलाई दबाब दिएर सार्वजनिक गठन आदेशलाई मिचेर दुई ठूला जलविद्युत आयोजना विकास समितिमा कार्यकारी अध्यक्ष नियुक्त गरेर एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरूलाई मासिक ७५ हजार तबल र विशिष्ठ श्रेणीका सचिव सरहको सुविधा दिने गरी मन्त्रिस्तरीय निर्णय गरी मन्त्रिपरिषदको बैठकबाट आफ्नो निर्णय पारित गर्न प्रस्ताव मन्त्रिपरिषद्मा लगेका छन् । काम चलाउ सरकारले दैनिक कार्य सञ्चालन बाहेकका अन्य निर्णयहरू गर्न नपाउने संवैधानिक व्यवस्था भएपनि पार्टीगत स्वार्थका लागि उक्त निर्णय गरेका हुन् ।

पूर्वप्रधानमन्त्री भट्टराईले बुढी गण्डकी, नलसिङ जालाशययुक्त आयोजना विकास समितिमा केही दिन अगाडि नियुक्त कार्यकारी अध्यक्षहरू क्रमशः लक्ष्मीप्रसाद देवकोटा र शेरबहादुर शाहीलाई उक्त सुविधा दिने मन्त्रीस्तरीय निर्णय गरेका थिए । दुई

(बाँकी अन्तिम पेजमा)

## सबै नेपालीलाई अग्रिम सहिद घोषणा गर

अभियान संवाददाता

काठमाडौ । २०६२/०६३ को आन्दोलन पछि गठन भएका प्रत्येक सरकारहरूले पार्टीगत स्वार्थले गर्दा आफ्ना पार्टीका कार्यकर्ताहरूलाई सहिद घोषणा गर्ने कार्यले तिब्रता पाएको छ । पछिल्लो पटक बाबुराम भट्टराई नेतृत्वको सरकारले १ सय २७ जनालाई सहिद घोषणा गरेको छ । सहिद घोषणा गरिएका व्यक्तिहरूमा अज्ञात व्यक्तिद्वारा हत्या गरिएका र अनुसन्धान बाँकी रहेका व्यक्तिहरूलाई सहिदको सूचिमा राखिएको हुनाले सहिदको अपमान भएको छ ।

विश्वको इतिहासमै नेपाल सबैभन्दा बढी सहिद भएको देश भएको छ । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा गठन भएको सरकारले एकै पटक झण्डै ८ हजार व्यक्तिलाई सहिदको पगरी गुथाएको थियो । सहिदहरूको तथ्यांक राख्ने गृह मन्त्रालय समेत कति व्यक्ति सहित हुन् र उनीहरू को-को हुन्, कुन कुन जिल्लाका हुन भन्ने तथ्यांक मन्त्रालयसँग छैन । सहिद हुनको लागि राष्ट्र र जनताका लागि उत्सर्ग गर्ने व्यक्ति हुनुपर्नेमा आपसी विवादमा परेर मृत्यु

(बाँकी अन्तिम पेजमा)

## त्यो गोप्य बैठकमा के भयो होला ?

काठमाडौं । हेटौंडामा एमाओवादीको महाधिवेशन सुरू हुने अघिल्लो दिन भारतीय राजदूत जयन्तप्रसामद, अमरेशकुमार सिंह प्रचण्ड निवास पुगे । त्यसपछि प्रम बाबुराम भट्टराई छिरे । एक घण्टापछि गोप्य बैठक समाप्त भयो । अधिवेशन स्थल हेटौंडा कपडा करखानाकाट प्रचण्डले घोषणा गरे- राजधानी आउँदा कसैले हुन्न भन्न नसक्ने फर्मुला लिएर आउँछु । एमाओवादी महाधिवेशनले प्रधानन्यायाधीशको नेतृत्वको चुनावी सरकार गठन गर्ने प्रस्तव पारित गऱ्यो । राजनीतिक तरङ उत्पन्न भयो । माधव नेपालदेखि केपी ओली, सुशील कोइरालासम्म विरोधमा उत्रिए । (बाँकी अन्तिम पेजमा)

## तिब्बेतियनको लाशमा युरोपियनको चासो

काठमाडौं । टिचिङ अस्पतालमा महिनौंदेखि सडिरहेको बेवारिसे लाशको निर्णय गर्न नसकेर नेपाल दयनीय बनिरहेको स्थितिमा त्यो लाश माधवअधिकारवादी र तिब्बेतियन समुदायका विभिन्न व्यक्तिले माग गर्न थालेका छन् । स्रोतका अनुसार त्यो लाश भारतको धर्मशालामा लगेर चीनविरूद्ध अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्न र चीनको साख-सम्मानमा घात गर्ने औजारका रूपमा प्रचार सामग्री बनाउने षड्यन्त्र भइरहेको छ ।

त्यो लाश हो, दलाई लामाका अनुयायी २५ वर्षीय डुप्चे छिरिङको । उनले बौद्धस्थित एक होटलको बाथरूममा राखेको पेट्रोल (बाँकी अन्तिम पेजमा)

## ..अब फर्किउँ....!!



*शाश्वत शर्मा*

हिजो एकथरीलाई निमिट्यान्न गर्न खोज्दा मुलुक दश वर्ष 'युद्ध'मा फस्यो र हजारौं नेपालीहरूले अनाहकमा ज्यान गुमाउनु पऱ्यो । त्यो दश वर्षमा जनधनको क्षति त भयो भयो, त्यो बाहेक बल्लतल्ल प्रजातान्त्रिक बाटोबाट गतिलिन थालेको मुलुक अझ कति वर्ष पछाडि धकेलियो ? त्यसको सही लेखाजोखा हुनै बाँकी छ । तर आज पनि के भइरहेको छ त ? हिजो एकथरीलाई निषेध गरिँदा जंगलबाट सल्केको आगोले शहरमा समेत डढेलो लगायो भने आज पनि एकथरीलाई 'छेकवार' लगाइर्दिदा मुलुक अनिश्चिता र अन्योलको भूमरीमा फस्न पुगेको सर्वत्र महसुस भइसकेको छ । प्रष्टसँग भन्नुपर्दा परम्परागत शक्ति यानिकी (संवैधानिक) राजतन्त्रलाई बाहेक गरेर अगाडि बढ्न खोज्दा यो मुलुक यस्तै चक्रब्यूहमा फसिरहने निष्कर्ष कतिपयले निकाल्न थालिसकेका छन् । अर्थात् अब 'राष्ट्रिय सहमति' -कथित) प्रमुख चार दलका बीचमा मात्रै होइन की राजासहित यहाँका सम्पूर्ण दलहरूबीच भएमात्र मुलुकले निकास पाउने कुरा केही जानकारहरूले बताइरहेका छन् । हुनपनि करिब ६ वर्षदेखि गरिँदै आएको संवैधानिक एवं राजनीतिक अभ्यासहरू प्रायः सबै असफल हुनु एवं त्यसको असर पार्टीका नेताहरूमा र राजनीतिक दलहरूमा मात्रै होइन की मुलुकको राष्ट्रियता र प्रजातान्त्रिक व्यवस्थामा समेत पर्न थाल्नुले अब ढिलो नगरिकन हिजोका व्यक्तिगत एवं पार्टीगत रिसइबी, दम्भलगायत सम्पूर्ण 'विकार'हरूलाई त्यागेर मेलमिलापको नीतिमा अघि बढेमा मात्र यो मुलुकको कल्याण हुने प्रष्ट देखिएको छ । भन्नुनै पर्दा नेपाल र नेपालीहरूलाई सधैं एउटा गतिलो अभिभावकको अवाश्यकता छ । हो, जनताको छोरोलाई 'राष्ट्रपति' बनाएर र जनताले चुनेका प्रतिनिधि (

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

**अभियान साप्ताहिक**

**सम्पादकीय**

## प्रधानन्यायाधीश सरकार प्रमुख कि रेग्मी ?

*नेपाली जनताले निर्वाचनको माध्यमद्वारा संविधान निर्माण गर्न दुई वर्षको समयसीमा तोकेर संविधानसभामा पठाएका जनताका प्रतिनिधि हौं भन्नेहरुले जनताको म्यान्डेटलाई उल्लंघन गर्दै संविधानसभाको पदावधि चार वर्षसम्म पुऱ्याए पनि संविधान निर्माण गर्न असक्षम र असफल सावित भए । जसले संविधानसभाको माग गऱ्यो, उसैले संविधानसभाको हत्या गर्नु भनेको आफैंले जन्म दिएको बालकलाई आमाले मार्नु सरह हो । दश वर्षे जनयुद्ध गरेर झण्डै १७ हजार निर्दोष नेपाली जनताको हत्या गर्ने तत्कालिन माओवादीको संविधानसभाको मागलाई अन्य दलले स्वीकार गरेर भारतको राजधानी नयाँ दिल्ली पुगेर १२ बुँदे सहमति गरेपछि संविधानसभाको मागले पूर्णता पाएको थियो ।*

*१२ बुँदे सहमतिपछि भएका अनेक प्रकारका सम्झौता र सहमतिपछि तत्कालिन विद्रोही माओवादी शान्ति मार्गमा आएको आभाष अन्य दलहरुले गरेपनि उनीहरुले माओवादीको रणनीतिक चालबाजी बुझ्न नसकेका हुनाले मुलुक अहिलेको संकटको भूमरीमा फसेको हो । तत्कालिन माओवादी राजसंस्था र संसदीय व्यवस्थालाई ध्वस्त पारेर सर्वहार अधिनायकवाद मुलुकमा लाद्न चाहन्थ्यो । अहिले उसले आफूले चाहेजस्तो आफ्नो पक्षमा अन्य दलहरुलाई लतार्ने प्रयास गरिहेको छ । मानौं एकहदसम्म एमाओवादी आफ्नो मार्गमा सफल भएको छ । मुलुकमा स्थापित भएका संवैधानिक निकायहरु अपा[illegible] बनाइएका छन् । संविधानसभाको हत्या नहुन्जेलसम्म माओवादी नेतृत्वको सरकारले कुनै पनि संवैधानिक निकायहरुमा पदपूर्ति गर्ने प्रयासै गरेन् । उसको भित्री आकांक्षा भनेको सबै क्षेत्रलाई तहस-नहस पारेर मुलुक असफल मार्गतिर जाओस् अनि त्यही मौका छापेर राज्यसत्ता पूर्ण रुपमा आफ्नो नियन्त्रणमा लिने उसको एकमात्र उद्देश्य थियो भन्ने अहिले विस्तारै प्रमाणित हुँदै गएको छ । बहालावाला प्रधानन्यायाधीश खिलाराज रेग्मी पनि एमाओवादीका षड्यन्त्रमा सामेल भएको विस्तारै पुष्टी हुँदै गएको छ । सर्वोच्च आदलतमा न्यायाधिशहरुको खडेरी पर्ने अवस्था आउँदा समेत उनले न्यायाधिशहरु नियुक्ती गर्ने प्रयाससम्म नगरेर संवैधानिक रिक्तता ल्याउन रेग्मीले भूमिका खेलेको हुनाले नै अहिले उनलाई प्रधानन्यायाधीशबाट काजमा लागेर अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको छ ।*

*एकीकृत माओवादीको हालै हेटौंडामा सम्पन्न भएको सातौं महाधिवशेशनबाट प्रस्ताव नै पारित गरी रेग्मीलाई प्रधानमन्त्री बनाउने कार्ड फ्याँकियो । एउटा पार्टीको महाधिवेशनले प्रस्ताव पारित गरी उम्मेदवार बनाइएका रेग्मीले कानुनी सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्त विपरीत आएको प्रस्तावलाई तत्कालै अस्वीकार गर्नु पर्नेमा उनले केही समय मौन बसेर सर्वोच्च अदालतबाटै प्रेस विज्ञप्ती जारी गर्न लगाएर प्रधानमन्त्री बन्न तयार भएको अभिव्यक्ति सिंगो अदालतको बेइज्जती र अपमान थियो । सर्वोच्च अदालतका सहायक प्रवक्ताद्वारा जारी प्रेस विज्ञप्ति प्रधानन्यायाधीशको हो कि खिलराज रेग्मीको मात्र हो ? त्यो प्रष्ठ भएको छैन । आदालतको हो भने सर्वोच्च अदालतमा अन्य न्यायाधीशहरुको सहायक प्रवक्ताको उक्त विज्ञप्तिप्रति उनीहरुको राय के हो त्यो जनतालाई प्रष्ट पारिनु आवश्यक छ । अर्कोतर्फ एकीकृत नेकपा माओवादीले प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाएको हो कि खिलराज रेग्मीलाई त्यो पनि प्रष्ट हुनु जरुरी रहेको छ । यदि खिलराज रेग्मी प्रधानन्यायाधीश पदबाट काजमा गएर सरकार प्रमुख भएपछि उनको सरकारले गर्ने गरेका कार्यहरुका बारेमा टिकाटिप्पणी गर्न पाइने कि नपाइने ? यी तमाम विषयहरु जल्दा बल्दा रुमपा उठ्न सक्ने भएको हुनाले र रेग्मीले न्याय क्षेत्रमा बसेर कमाएको मान, प्रतिष्ठा र सम्मानलाई तिलाञ्जली दिँदै संविधानको उल्लंघन गर्दे सरकार प्रमुख हुनु न्यायक्षेत्रका लागि नै नकरात्मक पक्ष हो ।*

# अग्नी परीक्षामा खिलराज रेग्मी

*देवेन्द्र चुडाल*

तत्कालिन सात दल र तत्कालीन नेकपा माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बुँदे सहमति अहिले ध्वस्त भएको छ । २०६२ साल मंसीर ७ गते भएको १२ बुँदे सहमतिको आधारमा विकसित भएको राजनीतिक सहमति तोडिएको हुनाले मुलुक संकटको भुमरीमा परेर अहिलेको अवस्थामा आइपुगेको हो । २०६५ सालमा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्व हुनु अघि प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको व्यक्तिगत इच्छा र महत्वांक्षाले गर्दा नै राजनीतिक परिवर्तन भएको जस्तो देखिए पनि वास्तविकता त्यस्तो थिएन । केही विदेशी शक्तिहरूले कोइरालाको महत्वकांक्षालाई राम्ररी बुझेका थिए । नेपालबाट राजसंस्थाको अन्त्य नगरेसम्म नेपालमा विदेशीहरूले चलखेल गरी आफ्नो स्वार्थ सिद्ध गर्न नसक्ने अवस्था भएको हुनाले मात्र विदेशीहरूले कोइरालालाई उपयोग गरेका थिए । कोइरालाले संविधानसभाको निर्वाचनमा आफ्नो पार्टीको नराम्रो पराजय हुने सूचना पाएपनि उनमा नेपालको पहिलो राष्ट्रपति हुने इच्छा भएको हुनाले एकीकृत नेकपा माओवादीका सबै मागहरू पुरा गर्दै लडाकु र हतियारको व्यवस्थापन नगरिकनै निर्वाचन गराउनु नै मुलुकमा संकट उत्पन्न गर्ने प्रमुख कारण थियो । एमाओवादी नेतृत्वले संविधानसभाको निर्वाचन पछि कोइरालालाई मुलुकको पहिलो राष्ट्रपति बनाउने आश्वासन दिएको र त्यही आवश्वासनका भरमा परेर कोइरालाले निर्वाचन गराएका थिए । संविधानसभाको निर्वाचनपछि सबैभन्दा ठूलो दल भएको एमाओवादीले कोइरालालाई दिएको आश्वासन राजनीतिक चालबाजी मात्र थियो । आफूले पहिला दिएको आश्वासन विपरीत कोइरालाको बदला एमाओवादी नेतृत्वले नेकपा एमालेका नेता माधव नेपाललाई राष्ट्रपति बनाउने अर्को आश्वासन दिएर नेपाली कांग्रेस र नेकपा एमाले बीच ददार उत्पन्न गराउन सफल भएपछि मात्र एमाओवादी नेतृत्वको षड्यन्त्रका बारेमा कांग्रेस र एमालेका आँखा खुलेका थिए । कोइरालाले आफू राष्ट्रपति भई हाल्छु त्यसकारण म किन संविधानसभाको निर्वाचनमा प्रचार प्रसारमा जाने भनेर पार्टीको प्रचारप्रसारमा नलागेर चुप बसेका थिए । प्रधानमन्त्री समेत रहेका कोइरालाले निर्वाचनमा अलिकति पनि सक्रियता देखाएको भए संविधानसभाको सन्तुलनमा निश्चित रूपमा केही फरक पर्ने पक्कापक्की थियो ।

गिरिजाप्रसाद कोइराला पार्टी सभापति र प्रधानमन्त्री समेत रहेका बेला एमाओवादी नेतृत्वले दिएको उधारो आश्वासनमा अल्झिँदा आजको परिणाम देखिएको हो । त्यसबेला नेपाली कांग्रेसका केही वरिष्ठ नेताहरूले कोइरालालाई चमत्कारी नेता र नेतृत्व दिनसक्ने व्यक्ति भन्दै कोइरालाको गुणगान गाएका थिए । निर्वाचनको बेला कोइरालाले आफू राष्ट्रपति हुने भ्रममा नपरेर लोभमा नलागेका भए अहिले देखिएको राजनैतिक संकट देखिने नै थिएन । कोइरालाकै कारण कांग्रेसले इतिहासमै नराम्रो पराजय भोग्नु पऱ्यो । त्यही कांग्रेसले २०१५, २०४६ र २०६३ पछि पाएको सफलतालाई कोइरालाले ध्वस्त पारेर अहिले नेपाली कांग्रेसलाई अर्काको एजेन्डामा हिंड्न बाध्य पारे । नेपाली कांग्रेसका धेरै कार्यकर्ताहरू र नेताहरूले समेत अहिले कोइरालाको आलोचना गर्न थालेपनि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल भने कोइरालाको गुणगान गाउँदै हिंडेका छन् । आफूले कोइरालाजस्तो जोडी नपाएको उनको दुखेसो रहेको छ । पछिल्लो समयमा नेपाली कांग्रेस र नेकपा एमालेका केही नेताहरूमा बुद्धि पलाएको जस्तो देखिएको छ, उनीहरूले दाहाललाई झूठको खेती गर्ने ढँटुवा नेता भन्दै कुर्लन थालेका छन्, भने तिनै दाहालले कोइरालाको तारिफ गर्दै हिँड्नु भनेको कोइरालालाई मुर्ख बनाउन सकिन्छ र पद दिने भनेपछि त्यसैको लोभमा कोइराला हिंड्ने भएको हुनाले दाहालले कोइरालाको तारिफ गरेका हुन् । गिरिजाप्रसाद कोइरालाले धेरै गल्ती गरेका छन् । त्यसमा पनि तत्कालिन राजा ज्ञानेन्द्र र आफ्नै शिष्य शेरबहादुर देउवाको सेखी झार्ने निहुमा एमाओवादीले भन्ने गरेको संसदवादी पार्टीहरू तत्कालिन राजालाई मालिक मान्छन् र त्यसैकाविरूद्ध खनिन एमाओवादीले कोइरालालाई उपयोग गऱ्यो । कोइरालाले त्यसबेला एमाओवादीको राजनैतिक रणनीतिलाई सही रूपमा विश्लेषण र आँकलन गर्न सकेनन् वा चाहेनन् । किनकि उनीमा अहंकार भरिएको थियो । आफ्नै पार्टीलाई ध्वस्त पारेर पनि राष्ट्रपति बन्न नसकेका कोइरालाले पछि मात्र एमाओवादीको रणनीति बुझेपनि त्यसबेला उनको हातबाट सबै कुराहरू गुमिसकेको थियो । राष्ट्रपतिको लालीपपमा झुक्याउने काम भएपछि मात्र कोइरालाले सहमतिका ढोकाहरू क्रमशः बन्द हुँदै गएको आभास पाएका थिए ।

पछिल्लो समयमा एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल आफ्नो पार्टीभित्र र बाहिर बलियो देखिएपनि वास्तवमा पार्टीभित्र त्यस्तो अवस्था नभएको स्वयं दाहालले स्वीकार गरेका छन् । एकीकृत नेकपा माओवादीको अनुरोधमा प्रधानमन्त्रीको उम्मेदवारमा चयन गरिएका सुशील कोइरालालाई प्रधानमन्त्री बनाउन बाहिरी शक्ति र स्वदेशी शक्तिहरूले दिएनन् भनेर दाहालले सार्वजनिक रूपमै उद्घोष गरी सकेका छन् । त्यतिमात्र होइन पार्टीले स्वीकार गर्दा गर्दै पनि बाबुराम भट्टराईले सुशील कोइरालालाई प्रधानमन्त्री स्वीकार गर्न नसकिने भन्दै पार्टीको आग्रह अस्वीकार गरेका हुनाले अब तपाईंहरूले बाबुरामलाई मनाउनु पऱ्यो भनेर अन्य दलका नेताहरूसँग अनुनय विनय गर्नुले प्रमाणित हुन्छ अहिलेको अवस्थामा दाहाल भट्टराईको पछि पछि दौडिएका छन् । कतिपय अवस्थामा भट्टराईले दाहालको भनाईलाई अवज्ञा गर्ने गरेका समाचारहरू प्रकाशित भई रहँदा समेत दाहाल चुपचाप बस्न बाध्य भएका छन् । त्यसको एउटैमात्र कारण हो भट्टराई अहिले पनि छिमेकि मुलुक भारतको प्रियपात्र रहिरहेका र उसैको आर्शिवादमा उनी लामो समयसम्म पदमा टिकिरहेका छन् । संविधानसभा रहुन्जेल कुनैपनि संवैधानिक बाटाहरू नखोली संविधानसभाको हत्या गरिएकै दिन निर्वाचन गर्ने घोषणा गर्नु पनि सत्ताको आयु लम्ब्याउने र अन्य दललाई खेलाएर उनीहरूलाई कमजोर पार्दै आफ्नो एजेन्डामा उनीहरूलाई लतार्ने नै आन्तरिक रणनीति एमाओवादीले लिएको अहिले प्रष्ट भएको छ । त्यसैको परिणाम हो आफ्नो महाधिवेशनबाट प्रस्ताव पारित गरी सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन गर्नुपर्ने प्रस्ताव । एमाओवादीको हेटौंडामा सम्पन्न भएको आफ्नो महाधिवेशनबाट प्रस्ताव गरिएका सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी सरकार गठन गर्न एमाओवादीसहित तिन ठूला दलहरू सहमत भएपछि केही समय पहिला बाबुराम भट्टराईले कांग्रेस, एमालेलगायतका अन्य दलहरूलाई नत्थी लगाएर निर्वाचनमा सहभागी गराइने छ भनेर दिएको अभिव्यक्ति सत्य सावित भएको छ । अहिले कांग्रेस, एमाले र मधेशी मोर्चासहित एमाओवादी रेग्मीको अध्यक्षतामा सरकार गठन गरी निर्वाचनमा जान सहमति भएपनि तत्कालिन संविधानसभामा रहेका ३३ दलहरू मध्येका २८ दलले रेग्मी नेतृत्वमा सरकार गठन गर्न नहुने अडान राखेका छन् ।

एकीकृत नेकपा माओवादीले प्रस्ताव गरेका रेग्मी सरकार प्रमुख बनाउन स्वयं राष्ट्रपति पनि सक्रिय भएका छन् । हेटौंडा महाधिवेशनबाट प्रस्ताव नै पारित गरि प्रस्ताव गरिएका व्यक्तिलाई राष्ट्रपति डा.रामवरण यादवले रेग्मीलाई आफूले प्रस्ताव गरेको उद्घोष गर्दै चार दलको बैठकमा सहमति गर्न नेपाली कांग्रेस र एमालेलगायतका अन्य दलका नेताहरूलाई दबाब दिनुले कतै राष्ट्रपति र एमाओवादीबीच कुनै गोप्य सहमति त भएको छैन भन्ने प्रश्न समेत उठ्न थालेको छ । बाबुराम भट्टराई नेतृत्वको सरकारले राष्ट्रपति कहाँ पठाएका अध्यादेशहरूका बारेमा समेत राष्ट्रपतिले रेग्मीका बारेमा सहमति

**बाँकी ५ पेजमा**

# राजनीतिक प्रकोपको कोपभाजनमा मुलुक



राजन कार्की

महामारी महामारी नै हो, यसबाट न लोकको कल्याण हुन्छ, न देशको । राजनीतिमा विवेकहीनताको रोग लाग्यो भने राष्ट्रमा हर प्रकारको प्रकोप फैलिन्छ । हामी त्यही प्रकोपबाट प्रताडित भइरहेका छौं । राजनीतिज्ञहरु राजनीति गरिरहेका छैनन्, लोकतन्त्रमा डँढेलो सल्काएर आगो ताप्ने काम गरिरहेका छन् । त्यही कार्य हो बाधा अड्काउ फुकाउने र निर्दलीय सरकारको गठन गर्ने भनेको । घोषणा गर्दा नै चुनाव जित्ने प्रत्याभूति खोज्ने, त्यसो हुनसक्दैन भने चुनाव नै हुन नदिने षडयन्त्र गर्ने, लाज नभएपछि जे गर्दा पनि हुन्छ । लज्जाहीनहरूले त्याग गर्दैगर्दैनन्, तिनलाई सिद्धान्त, नीति र नैतिकताको मूल्य हुँदैन । त्यही भइरहेको छ । मुलुकको बास्तविक पीडा, आकांक्षा र आवश्यकताप्रति राजनीति उदासीन हुँदै गएको छ ।

२०७२ सालसम्ममा निरक्षरता उन्मूलन गर्ने नीतिअनुसार काम गर्दा बल्ल ६५.९ प्रतिशत साक्षर भए । यो तथ्य तथ्याङ्क विभागको २०६९ सालको रिपोर्ट हो । ५४ प्रतिशतबाट ६५.९ अर्थात ११.९ प्रतिशत साक्षरता पुऱ्याउन २ खर्ब ६५ अर्ब २८ करोड लगानी भएछ । अरबौं लगानी बालुवामा हालेको पानीसरह भयो । राज्यको यो लगानी शिक्षामा भयो कि शिक्षाका नाममा पार्टीका कार्यकर्ताको खल्तीमा माफियाकरण भयो, प्रश्नमात्र बाँकी छ । शिक्षा बेरोजगार उत्पादन गर्ने थलो भयो भनेको त्यसै होइन । पार्टी राजनीतिको कुरूप महामारीको सिकार बनेका युवाहरु छटपटिदै रोजगारीका लागि विदेशीने क्रम भन तीव्र बनेको छ । कहालीलाग्दो यसका दुईथान उदाहरण यस्ता छन् :

एक- विश्व बैंकले प्रक्षेपण गरेको रिपोर्टअनुसार आगामी २० वर्षपछि नेपाल बुढाबुढीको देश बन्ने छ । यसको प्रमाण भनेको प्रतिदिन बिदेशीने भीड बाक्लिदैछ, प्रतिवर्ष कम्तिमा ५ लाख युवायुवती बिदेशीने गरेका छन् । अहिले नै गाउँघर सुनसान हुनथालेको छ । पाखाबारी बाँझो देखिन्छन् । शिक्षित, अशिक्षित युवा पलायन रोक्ने कुनै योजना छैन ।

दुई- सात कक्षादेखि दश कक्षा पढ्नेहरूले पढाइ छाडेर र उमेर बढाएर पासपोर्ट लिंदै विदेशतिर हुइंकिदै गर्न थालेका छन् । यो देशभरिको दृष्टान्त हो । बागलुङको बिकट गाउँ बोवाङबाट खबर आयो- पढेर पनि पैसा कमाउने हो भनेर ज्ञानेदय माबिका १ सय ४४ युवाहरु स्कूल छाडेर मलेसिया र खाडी मुलुकतिर हान्निएछन् । स्कूल सुनसान हुनथालेको छ । खोई कुन दल, राज्य अथवा कुन शिक्षाविद र समाजशास्त्रीलाई चिन्तित बनायो यो खबरले । के समाजबाट, देशबाट संवेदना हराउँदै गएको हो । देशभक्ति भनेको प्रचण्ड र बाबुरामको भाषणमात्र हो ?

माओवादीहरु पहिले बन्दुकको नाल तेर्स्याएर र अहिले 'नदिए जे पनि हुनसक्छ' भनेर तर्साएर चन्दा आतंक मच्चाइरहेका छन् । आतंकको रूप फेरियो, रङ फेरिएको छैन । संगठन बिस्तार भनेर, संगठन संवैधानिक अधिकार भनेर कतै उद्योग बन्द भए, कतै कारखाना बन्द भए, त्यो रोग यतिखेर स्कूल-कलेजमा महामारी बनेर फैलिएको छ । विद्यार्थीलाई खुट्टा ढोकाएको निहुँ झिकेर स्कूलबसमा आगजनी गरियो, दुई दिन देशभरिका स्कूल बन्द गर्ने प्रतिवाद र प्रतिरोधका कर्मकाण्ड पनि भए । निजामती, संस्था, संस्थानहरु जता पनि पार्टीपिच्छेका ट्रेड युनियन बोर्ड टाँगेर काम गरेर होइन, राजनीति गरेर मानो पचाउनेहरुको भीड नै देखिन्छ । ट्रेड युनियनको सरुवा रोग जहाँ पनि देखिन्छ । आफ्नो सख्यअनुसार सबै दल यसमा संलग्न भएका छन् ।

भनिन्छ, बिग्रेको कूल र प्रदूषित मूलबाट निस्केको पानी खतरनाक हुन्छ । राज्य सञ्चालकहरु प्रदूषित भएकाले राष्ट्रको वातावरण साह्रै डरलाग्दोसँग प्रदूषित भएको छ । राष्ट्रिय राजनीतिको निर्मलीकरण गर्ने दायित्व बोकेका शीर्ष दलहरु कहिले आफै, कहिले कांग्रेस, कहिले स्वतन्त्र भन्दै अब दलको बिकल्प न्यायाधीश भनेर 'गम्भीर वार्ता' गरिरहेका छन् । वीरबलको खिचडीजस्तो कहिले नपाक्ने गम्भीर वार्ता जारी छ । लोकतान्त्रिक गणतन्त्र नेपालमा निर्दलीय प्रधानमन्त्री ? ०६३ सालको जनआन्दोलन सफल पारेको गर्ब गर्ने नेता र पार्टीहरुको योग्यता, तिनको हैशियत र तिनमा निहित सामर्थ्य कुन पाताल भासिएछ ? कतै जनआन्दोलन, जनयुद्ध गर्ने राजनीतिक ताकत दिल्लीले पिलाइदिएको दिल्लीमेड 'बोर्नभिटा' त थिएन ? यस्ता तीन न तेह्रका नेताहरु २०१७ सालमा राजा महेन्द्रले 'कु' गरे भनेर कोकोहोलो मच्चाउँछन् । सक्छौ भने सहमति, निर्वाचन गरेर नयाँ नेपालको नयाँ संविधान देउ न ? यिनलाई कसको १२ हातको टाँगाले छेकेको छ र ? नमच्चिने पिङ्को सय झट्काजस्तो भएर मात्र के हुन्छ ? लोकतन्त्रको आँखामा भोगटेको चस्मा लगाइदिने काम गरेर नेताहरु, शीर्ष दलहरु किन धक्कु लगाइरहेका छन् ?

**माओवादीहरू पहिले बन्दुकको नाल तेर्स्याएर र अहिले 'नदिए जे पनि हुनसक्छ' भनेर तर्साएर चन्दा आतंक मच्चाइरहेका छन् । आतंकको रूप फेरियो, रङ फेरिएको छैन । संगठन बिस्तार भनेर, संगठन संवैधानिक अधिकार भनेर कतै उद्योग बन्द भए, कतै कारखाना बन्द भए, त्यो रोग यतिखेर स्कूल-कलेजमा महामारी बनेर फैलिएको छ । विद्यार्थीलाई खुट्टा ढोकाएको निहुँ झिकेर स्कूलबसमा आगजनी गरियो, दुई दिन देशभरिका स्कूल बन्द गर्ने प्रतिवाद र प्रतिरोधका कर्मकाण्ड पनि भए ।**

लोकतान्त्रिक गणतन्त्र रे । न सिङ् छ, न पुच्छर । आफै अलोकतान्त्रिक छन्, आफै गणतन्त्रको मर्यादाको बलात्कार गरिरहेका छन् । भाषण गरेरमात्र के हुन्छ । ०६३ सालदेखि आजसम्म सत्तामा यिनै छन्, शक्तिमा यिनै छन्, राज्य यिनकै मुठ्ठीमा छ । 'खादा पहाड, निकला चुहा' । निस्क्यो के ? अराजकता । चीनमा पाइने चिरूको रौं टनका टन नेपालमा भेटिन्छ, भारतको रक्तचन्दन नेपालको बाटो चीन पुगिरहेको छ । चीनबाट सून नेपाल भएर दिल्ली तस्करी भइरहेको छ । विश्वका आधुनिक हतियारहरु आपराधिकहरूको हातसम्म भारत भएर भित्रिरहेका छन् । अपराधी, तस्कर, माफियाको नेटवर्किङ कहाँ छैन ? दिल्ली-बेइजिङ- वाशिङ्टनसम्म, पुलिसदेखि प्रधानमन्त्रीसम्म सेटिङ् मिलाएको देखिन्छ । डब्लु डब्लु एफ गैंडा गन्छ, बाघ गन्छ, चराको गिन्ती गर्छ तर बन्यजन्तु तस्करी रोक्ने अन्तर्राष्ट्रिय संगठनको अभियानअन्तर्गत हालै बैंककबाट अन्तर्राष्ट्रिय अप्रेसन भयो र नतिजा निस्कियो- १५ सय ८० किलो चिरूको रौं नेपालमा भेटियो, ४० हजार किलो रक्तचन्दन, ६५ किलो हात्तीको दाँत, २२ थान गैंडाको खाग, १० थान बाघको छाला, ५३ किलो बाघको आलो हाड, २६ सय किलो जिउँदा सर्प, ३२४ थान हर्निस चराका चुच्चा, ४ थान हात्तीको दाह्रा, सालकका खबडा, मानव खप्पर, दुर्लभ जडिबुटीको अधिकांश भाग नेपालबाट बरामद भए । यतिमात्र होइन, एकै व्यक्तिमा ५ थान पासपोर्ट लिने व्यक्ति पनि नेपाली नै थिए । अत्यन्तै सुरक्षित भनिएको नेपाली एमआरपी बोक्ने भारतीय, बंगलादेशी, पाकिस्तानीको भीड कतारदेखि साउदीसम्म पक्राउ परे । राजनीतिमा अपराध मिसिएपछि यस्तो रसायन बन्नेरहेछ । के हुन् यी सब ? राज्य छ, राज्यको सुरक्षा संयन्त्र छ, कहाँ छ ?

नेदरलेण्डका प्रधानमन्त्रीमात्र होइन, बेलायतका प्रम क्यामरूनले पनि हप्ताको दुई दिन साइकल चढ्छन् । हाम्रा प्रधानमन्त्री कमरेड बाबुराम भट्टराई सिंहदरवारबाट ललितपुरको गाउँ पुग्न हेलिकप्टरमा उड्छन् । सिद्धान्त जनवादी, व्यवहार सामन्तवादी । खस्रो चाकलाई मलमलको धोती भनेको यही हो । तिनै कमरेड बाबुराम हरेक महिना सिमान्तकृत जनजातिको घरमा बास बस्न पुग्छन् । पछिल्लोपटक उनी मकवानपुरको हाँडीखोलाको ६६ घर भएको बनकरिया गाउँमा पाहुना हुनगए । उनले ढिँडो र मासु खाएको समाचार आयो । मासु खान मकवानपुरको हाँडीखोला नै किन ? गरीब पीडितका बिधाता बन्न लालायित यिनै बाबुरामको नेतृत्वको सरकारले यसपाली अर्को सिमान्तकृत जाति चेपाङको विकासका लागि ६७ हजार बजेट छुट्याएछन् । ६७ हजारमध्ये कति रकम चेपाङसम्म पुग्यो होला ?

संविधानसभा हाम्रो एजेन्डा हो भन्ने बाबुरामले त्यही संविधानसभालाई आफ्नै काखमा राखेर आफैले सेरिदिए । अर्को संविधानसभाको चुनाव गराउँछु भन्दै भ्रष्टाचारको भेलमा हेलिए । प्रचण्ड बोलीको ठेगान नभएको, बाबुराम निम्छरो र निकम्मा भएको जनआरोप बाक्लै लागिरहेको छ । माओवादीको विश्वासमा शंकाको धमिरा लागेपछि ठूलो पार्टी, ठूला नेताको साख उठ्यो कि गिऱ्यो ? सम्मान आर्जन भयो कि इज्जत गयो ?

फोरमका अध्यक्ष उपेन्द्र यादवको आरोप छ- राष्ट्रपति चार दलको षडयन्त्रमा परे । चार शक्तिलाई खुशी पारेर देश सुध्रिदैन । नेकपा-माओवादीका अध्यक्ष बैद्य गोलमेचको रट छाड्न तैयार छैनन्, उनका सचिव नेत्रविक्रम चन्द, पम्फा भुसालहरु हामीलाई बाइपास गरे बिध्वंश हुन्छ भन्छन् । चार माओवादीले बुधवार बन्द गरेर शक्ति देखाए, जनजातिहरु किन पछि पर्थे ? यो अवस्थामा चुनाव कसरी सम्भव छ ? जबरजस्ती चुनाव भइहाल्यो भने त्यस्तो चुनावको बैधानिकता कसरी कायम हुनसक्छ ? राष्ट्रपति कार्यालयलाई शीर्ष पार्टीको 'चिया पसल' बनाएर राष्ट्रिय सहमति निस्कन सक्दैन भन्ने उदाहरण हुन् यी । यस्तो बेलामा १ सय ५४ देशमा योग तथा अध्यात्म अर्थात 'दी आर्ट अफ लिभिङ' संस्था खोलेका भारतीय गुरु रविशंकर नेपाल आए । काठमाडौं, पोखरा, विराटनगर, धरानसम्म पुगेर चुनावमा भाग लिनु, मतदान गर्नु भन्ने प्रवचन दिएर गए । अध्यात्म ज्योतिको आवरणमा राजनीतिक निर्देश जारी गर्नु यो अध्यँत्म आर्टको कुन अध्याय हो ? स्वस्थानी कथामा झैं नवराजा राजा बनाउन लागेको 'आकाशवाणी शक्ति'ले प्रचण्डका जादूको छडीजस्तो सूत्रलाई सत्य सावित गराउन गुरू रविशंकरलाई हात्ती बनाएर पठाएको त होइन ?

साझा प्रकाशनले केही समयअघि राष्ट्रिय सभागृहमा पुस्तक मेला आयोजना गऱ्यो । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, योजनाविद, संविधानविद, कानुनविद, अधिकारकर्मीदेखि राजनीतिज्ञसम्मले हजारौं हजारको किताव किने । तर कसैले पनि लेखनाथको कालमहिमा, भानुभक्तको प्रश्नोत्तर, धरणीधर कोइरालाको जागरण र भूपि शेरचनको घुम्ने मेचमाथिको अन्धोमान्छे किनेनन् । किन्ने पढेनन् । जर्ज बर्नाड शाले भनेका थिए- पढ्नुपर्छ भन्ने सबैलाई थाहा छ तर के पढ्नुपर्छ कसैलाई थाहा छैन । कालजयी यी पुस्तकहरु पढेका भए राष्ट्रपति 'अन्धा', प्रधानमन्त्री 'बहिरा' र नेतादेखि नीतिकार, योजनाकार र सुरक्षा निकायहरु यसरी 'लाटो' भएको अभिनय गरेर बस्ने थिएनन् । आज नेपाल राष्ट्र 'धृतराष्ट्रको दरवार' बन्नपुगेको छ । महाभारतमा त नीतिज्ञाता विदुर थिए, वर्तमान नेपालमा त नीतिका राजा राजनीतिलाई अपराधतन्त्र बनाउने दूशासनमात्र देखिन्छन् । यिनमा न लोकाचारको डर छ, न राजनीतिक धर्मको । लोकतान्त्रिक गणतन्त्र नेपाल भनेको आफ्नो सुरक्षा, स्वास्थ्य, भविष्य आफै गर भएको छ । यही अवस्थालाई कवि क्षेत्रप्रताप अधिकारीले आफ्नो लेखनीमा यसरी व्यङ्ग गरेको पढेको थिएँ- मर्यादा पुरूषोत्तम श्रीरामको ससुराली रावणको लंका भयो ।

अन्तमा एउटा यक्ष प्रश्न

इतिहासविद डोरबहादुर बिष्टले २०५१ सालमा जुम्लाको चौधबिस भन्ने स्थानमा 'खोज चिन्तन' गाडेर आफू रहस्यमय तरिकाले अलप भए । सय वर्षपछि उत्खनन गरेर त्यो खोज चिन्तन सार्वजनिक गर्नु भन्ने लोकसँग उनको आग्रह छ । के होला बिष्टको त्यो 'खोज चिन्तन' अथवा 'गाड धनजस्तै गाड चिन्तन' ? यस्तै गैरजिम्मेवार राजनीति चलिरहे बि.स. २१५१ सम्म हाम्रो राष्ट्रिय अस्तित्व र पहिचान कायम रहला र हाम्रा सन्ततीले बिष्टको त्यो नासो नेपाली भएर पढ्न, चिन्तन मनन गर्न पाउलान् ?

rajan1956karki@yahoo.com

# Kashmir on defining path

*Saman Zulfqar*

Thursday, March 07, 2013 - In the recent past there has been much media hype about the thaw inIndia-Pakistan relations relating to free trade, Pakistan's granting of Most Favoured Nation (MFN) status to India, Visa liberalization between two states and giving India a transit route toaccess Central Asian Republicans. All these efforts got a setback when Indian troops started firing across the LoC that killed some civilians as well as Pakistani soldiers. This is a clear violation of international law, UN Charter and November 2003 ceasefire agreement between India and Pakistan. For Pakistan this is not a new thing as we know India does not have a tendency to respect the bilateral agreements when it comes to Pakistan. The occupation of Siachen has been a violation of Simla agreement and the construction of dams on Western rivers by India is a violation of Indus Water Treaty.

A part from LoC incident, recent developments in Indian Held Kashmir have seriously impaired the Indo-Pak relations. Following the Kashmir day on February 5 (Pakistani and the Kashmiri on both sides of the LoC have been observing 5th February as Kashmir Day since 1990. The people of Pakistan express solidarity with the people of Jammu and Kashmir who are struggling for their right of self determination), Afzal Guru, a Kashmiri was hanged on mere allegations of being part of the planning of attack on Indian Parliament on December 13, 2001. His execution and lack of access to proper legal council has raised questions about Indian judicial system and the role of Indian media. Majority of Kashmiri people consider that Afzal Guru could not receive fair trial and without having direct evidence he was awarded death sentence.

India has been criticized not only by Kashmiris and some Indian human right activists such as Arundhati Roy and others but by International human rights organizations also. These organizations otherwise remain indifferent to human rights violations in Kashmir whether it is the killing of hundreds and thousands of innocent people in Kashmir or the issue of missing persons or the discovery of mass graves in Kashmir. These international human rights organizations are just being used by some powerful states to enhance their own political agendas by criticizing the human rights standards of other states. In the aftermath of hanging of Afzal Guru on February 9, 2013 curfew was imposed across Kashmir Valley for nearly a week as an attempt to contain the deterioration of law and order situation in case of protest against his execution. Due to India's mishandling of Afzal Guru's case, it missed an opportunity to build trust and confidence with theKashmiri youth who may not be as much aware of armed struggle of the Kashmiri people during the decade of 1990s. Sumit Ganguly, an eminent writer has identified the cause of sudden unrest and uprising in Kashmir in 1989 as the 'short-sighted policies on the part of various regimes in New Delhi that created conducive conditions for the rise of Kashmiri freedom struggle in 1989. Now this case can have far reaching implications for the future as well. A number of questions are being raised that what will be the future course of action of the people of Kashmir? Will they abandon their peaceful struggle for their right of self determination as it has already received a setback in the post 9/11 international political environment?

Pakistan's Foreign Office spokesman also made it clear that there was no change or shift in Pakistan's policy on the disputed state. Pakistan always strives to resolve this issue through meaningful dialogue in accordance with UN resolutions as well as the aspirations of Kashmiripeople.

Kashmir presents a unique example for being the oldest issue on the agenda of Unitu"ed Nations Security Council. It was India that approached the United Nations Security Council on January 1, 1948 and took the Kashmir issue to the UN. Security Council has passed a number of resolutions regarding the holding of plebiscite in Kashmir but India's non-compliance with UN resolutions has not triggered any forceful action from the world body. One major reason for this inaction may be that resolutions on Kashmir were passed under chapter six of the UN Charter that does not have any mandatory enforceability as opposed to the resolutions passed under chapter seven of theCharter.Now the most pressing questions are how the future of Kashmir will be decided? How far the Kashmiris' struggle for their rights will go unnoticed by the major powers? And how far international human rights organizations will remain silent on the grave human rights violations in Kashmir?

## India 'Financed' Problems for Pakistan in Afghanistan

Remarks made by Mr Chuck Hagel, who is all set to be next US Secretary of Defence during an unreleased speech at Oklahoma's Cameron University in 2011, that "India has over the years financed problems for Pakistan in Afghanistan", speaks of the truth and nothing but the true. In the speech Mr Hagel further says that, "India for some time has always used Afghanistan as a second front and she has over the years financed problems for Pakistan on that side of the border"

The forthcoming withdrawal of US and NATO forces from Afghanistan is throwing its shadows upon the region and Pakistan in particular. This is becomes of the fact that over the last decade so presence of US and NSTO forces in Afghanistan has failed to achieve the desired results; to which portions of Afghanistan writ of Kabul government is practically applicable, how well trained are the Afghan Army and security agencies and reality viability of Taliban are questions that have nightmarish repercussions for US, Afghanistan and India.

Pakistan has been raising its concerns throughout that India has been brewing problems for her from Afghanistan. Uneasiness in Baluchistan and constant fomenting of problems on Pakistan's Western Borders are linked to Indian presence in Afghanistan and myopic policies adopted by President Karzai and US.

Takes in Afghanistan are very attractive for India as it fulfills its desire to entangle Pakistan on both its Eastern and Western borders but what are the repercussions of this scenario. Present situation of Afghanistan would make it Vietnam for any ambitious foreign country. It is also reported that India is also pondering over deployment of its Gorkha forces in Afghanistan to pitch the valiant Gorkha's against Taliban fighters who had defeated the Soviet forces and also proved strong resistance against US and NATO forces. Indeed. India's entry into an operational role in Afghanistan both member of SAARC fraternity is a highly debatable issue.

Any long-term solution of Afghanistan issue calls for active participation of Pakistan in future dispensation of the country. Pakistan on its part has played the most vital and critical role in bringing peace in Afghanistan. It has not only sheltered the largest number of Afghan Refugees since the Soviet occupation but its economy has also suffered a loss of worth US$ 100 billion only in the last decade because of US intervention in Afghanistan over the last decade. For any durable solution in Afghanistan it is imperative to take Pakistan on board because of its geographical, social and cultural contingencies with the Afghans rather than bringing in outside elements.

# खुकुरी प्रहार गर्ने पक्राउ

बारा । बारा जिल्लाको बिशनपुर ४ मा फागुन २७ गते राति सर्वसाधारणमाथि खुकुरी प्रहार गर्ने दुई जनालाई एपीएफ टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा स्थानीय बिशनपुर गाविस ३ वस्ने विरेन्द्र साह र सोही ठाउँका बृजकिशोर साह रहेका छन् ।

बिशनपुरकै मन्सीजयचन्द पासवानमाथि राति करीब पौने १० बजे खुकुरी प्रहार गरी गम्भिर घाइते बनाउने उनीहरूलाई सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट गोलागंजबाट खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो । खुकुरी प्रहारबाट घाइते भएका पासवानलाई उपचारार्थ एपीएफ टोलीले जिल्ला अस्पताल कलैयातर्फ पठाएको छ ।

त्यसैगरी धनुषा जिल्लाको जनकपुर नगरपालिका ९ स्थित बंशीचोकमा फागुन २७ गते राति भएको सवारी दुर्घटनामा परी घाइते भएकाहरूलाई एपीएफ टोलीले उद्धार गरेको छ । त्यसठाउँमा ग.१ प ७१९७ नम्बरको मोटरसाइकल र ज.२ प ८३६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार व्यक्तिहरू घाइते भएका छन् ।

दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय धनुषाबाट खटिएको एपीएफ टोलीले घाइतेहरूको उद्धार गरेको थियो । दुर्घटनामा परी जनकपुर नगरपालिका ११ वस्ने मनोजकुमार साह र सोही नगरपालिका ७ वस्ने सतिश साह घाइते भएका छन् । उनीहरूलाई एपीएफ टोलीले उद्धार गरेलगत्तै उपचारार्थ जनकपुर अञ्चल अस्पतालतर्फ पठाएको थियो ।

त्यस्तै सर्लाही जिल्लाको मोतीपुर ५ बाट एपीएफ टोलीले करीब एक लाख ६० हजार रूपैयाँ बराबरको चोरीपैठारीको रासायनिक मल बरामद गरेको छ ।

भन्सार छली ल्याइएको उक्त मूल्य बराबरको एक सय ३२ बोरा युरिया मल सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय सर्लाहीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले बरामद रासायनिक मल आवश्यक कारवाहीको लागि भन्सार कार्यालय सर्लाहीमा बुझाएको छ ।



# गृहिणी महिलाको समस्यामा सम्बोधन कहिले ?

*इन्दिरा आचार्य*

अर्घाखाँची मरेडकी तुलसा आचार्य ६५ वर्ष पुगिन् । १३ वर्षकै उमेरमा विवाह भएको उनको जीवनमा सम्झनलायक रमाइला क्षण खासै छैनन् । ४० वर्षको उमेरमा विधवा बन्नुपरेको नरमाइलो क्षणले बेलाबेलामा पीडा दिइरहन्छ । चार छोरा र दुई छोरीकी आमा उनले छोरीहरूको बिहे गरिसकिन् । दुई छोरा कमाउन कतार गएका छन् भने दुईजना नेपालमै छन् । बालविवाह गरेर घर भित्रिनासाथ भातभान्साको काम सम्हालेकी उनी अझै पनि भान्साकै काम गर्छिन् । दुई बुहारी मेलापात जान्छन् । उनीचाहिँ घरको कामसँगै नाति-नातिनीको हेरचाह गर्छिन् । यतिका समयसम्म भान्सामा खाना पकाउँदा पनि किनमेलमा के-कति खर्च हुने गरेको छ भन्ने उनलाई पत्तो छैन । खर्चका विषयमा श्रीमान् हुँदा श्रीमान्लाई थाहा हुन्थ्यो भने अहिले छोराहरूलाई थाहा हुन्छ । उनले कहिल्यै किनमेल गरिनन् ।

माइतीघरमा जाँदा आमाले कहिलेकाहीँ लुकाएर दिएको रकमबाहेक तुलसाको हातमा कहिल्यै पैसा परेन न त कतैबाट पारिश्रमिकबापत नै पाएकी छिन् । आफू भातभान्सामै सीमित भए पनि छोराहरु विदेश पुगे । बुहारीहरूले ज्याला-मजदुरी गरेर कमाए । जीवनभरि चुलाचौकाकै सेरोफेरोमा रहँदा धुवाँ र धुलोले उनलाई दम रोगले च्यापेको छ । डाक्टरले 'चुलोछेउ नबस्नू' भने पनि उपाय छैन । पाठेघरमा मासु पलाएको उनी बताउँछिन् । तागत हुन्जेल मात्रै घरका मान्छेले चासो र माया दिने रैछन् भन्ने अनुभव गर्न थालेकी छिन् ।

तुलसाजस्तै स्यान्देहीकी बेकुली थारु पनि उमेरले ६० नाघिसकिन् । उनको जीवन पनि चुलोचौकामै बित्न लाग्यो । १२ वर्षको उमेरदेखि नै घर सम्हालेकी उनले ६ छोराछोरी हुर्काइन् । नाति-नातिनाकी हजुरआमा पनि बनिन् । तर, उनले अहिलेसम्म भान्छाको काम र बालबच्चाको रेखदेखबाहेकका काम गरेकी छैनन् । बेकुलीलाई पनि साग-सब्जी र दाल-चामलको खर्च विवरण कहिल्यै थाहा भएन । श्रीमान् र छोराहरूले अड्कलेर दिएको कुरा नै उनले पकाइन् । पकाएर खान दिन्थिन् र खाना नपुग्दा कति रात उनी आफूचाहिँ भोकै सुत्थिन् । खाना मीठो नपकाएको निहुँमा धेरैपटक गालीगलौज पनि खेपिन् । बेकुलीलाई हातमा पैसा हुनेहरु बलिया हुन्छन् भन्ने लाग्छ । भान्सामा काम गर्ने मान्छे सबैभन्दा पीडित हुन्छ जस्तो लाग्छ । भन्छिन्, 'लोग्नेमान्छेको पेट भरेपछि रहलपहल खाना मात्रै हाम्रो भागमा पर्छ ।' कुनै दिन खाना मीठो नपाक्दा कुटपिटसमेत खेप्नुपरेको तीतो अनुभव छ उनको । उनी पनि दमले पीडित छिन् । पाठेघरमा क्यान्सर भएपछि शल्यक्रिया गरेर फालेकी छिन् ।

**बुहारीहरूले ज्याला-मजदुरी गरेर कमाए । जीवनभरि चुलाचौकाकै सेरोफेरोमा रहादा धुवा र धुलोले उनलाई दम रोगले च्यापेको छ । डाक्टरले "मासु पलाएको उनी बताउछिन् । तागत हुन्जेल मात्रै घरका मान्छेले चासो र माया दिने रैछन् भन्ने अनुभव गर्न थालेकी छिन् ।**

भौगोलिक दूरीका हिसाबले टाढा रहे पनि तुलसा र बेकुलीका पीडा फरक छैनन् । यातायात, शिक्षा र सञ्चारका हिसाबले सुविधायुक्त स्यान्देही र ती सबै हिसाबले विकट मानिने अर्घाखाँचीका महिलाको व्यथा साझा छ । सहरी क्षेत्रमा परिवर्तनका झलक देखिए पनि पितृसत्ताले जरा गाडेको हाम्रो समाजमा आमस्र्पमा गृहिणी महिलाको समस्या ज्युँकात्युँ छ । महिला अधिकारका लागि काम गर्ने सरकारी तथा गैरसरकारी निकायले गृहिणी महिलाको स्वास्थ्य, ज्याला-मजदुरीमा लागेकाहरूको निश्चित पारिश्रमिक, सुविधालगायतका विषय जोडतोडका साथ उठाएका छैनन् ।

नेपालमा महिलामाथि हुने हिंसामध्ये गृहिणी महिलामाथि हुने हिंसाका घटना ८० प्रतिशत रहेको तथ्याङ्क गैरसरकारी संस्था ओरेक नेपालले हालै सार्वजनिक गरेको छ । तथ्याङ्कमा उल्लेख भएअनुसार नेपालमा एक सय ९२ महिलाको हत्या भएको छ । दुई सय ११ जना महिला बलात्कृत भएका छन् । तीमध्ये २३ जना आफ्नै परिवारका सदस्यबाट बलात्कृत भएका छन् । बलात्कृतमध्ये १२ जनाले आत्महत्या गरेका छन् । ७५ जना महिलामाथि बोक्सीको आरोपमा कुटपिट तथा दुर्व्यवहार भएको छ । यो त एउटा संस्थाले समेटेको तथ्याङ्क मात्रै हो । समेटिन बाँकी समाजका यस्ता घटना असङ्ख्य होलान् ।

नेपालमा भान्साभित्रको धुवाँ र धुलोमै जीवन बिताएका महिलाको सङ्ख्या धेरै छ । जसका कारण दम र पाठेघरको क्यान्सरका रोगीको सङ्ख्या पनि अधिक छ । स्यान्देहीमा मात्र ०६८/६९ मा दमका रोगीको सङ्ख्या १४ हजार दुई सय १२ छ । त्यसमध्ये महिला रोगीको सङ्ख्या सात हजार पाँच सय १९ जना रहेको जिल्ला जनस्वास्थ्य कार्यालय स्यान्देहीले जनाएको छ । पाठेघरसम्बन्धी धेरै बिरामी भए पनि यसको यकिन तथ्याङ्क भने छैन । स्यान्देहीमा रहेको भैरहवा मेडिकल कलेजमा मात्र ६ महिनाको अवधिमा ५६ जना महिलाको पाठेघर खस्ने समस्याको उपचार गरिएको जिल्ला जनस्वास्थ्य कार्यालयको भनाइ छ । राज्यले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि ( सिड) मा हस्ताक्षर गरेको छ । त्यसको कार्यान्वयनका लागि नेपाल सरकारले कानुनमा उल्लेख गरी सिडमा भएका सबै बुँदालाई अवलम्बन गर्ने प्रतिबद्धतासमेत जनाएको छ । तर, कार्यान्वयन गर्ने निकायको अग्रसरता देखिएको छैन । जसमा कुनै व्यक्ति, सङ्घसंस्था, उद्यमबाट महिलाउपर हुने भेदभावलाई निर्मूल गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने भनिएको छ । यस्तै पुरुषसरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपयोग प्रत्याभूति गराउनका लागि महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गर्न राज्य पक्षले सम्बद्ध क्षेत्रमा कदम चाल्नुपर्ने कुरा पनि उल्लेख छ । तर, नेपालले यी र यस्ता महत्वपूर्ण विषयमा हस्ताक्षर गरेअनुसार उपयुक्त कानुनी व्यवस्था नगर्दा गृहिणी महिलाले भोग्नुपर्ने बँहिसा समस्या र चुनौतीको विषय बनिरहेको छ ।

*संचारिका फिचर सेवा*

## स्थायी कमिटीको निर्णयविरुद्ध बल्खुमा धर्ना

काठमाडौं । राष्ट्रिय सम्मेलन आयोजक समिति गठनप्रति असन्तुष्ट अनेरास्ववियुका नेताहरूले बुधबार एमाले मुख्यालय बल्खुमा धर्ना दिएका छन् । विद्यार्थी फाँटले सिफारिस गरेको आयोजक समितिलाई पार्टी स्थायी समितिले बुझ्दै नबुझी अनुमोदन गरेको भन्दै नेताहरु धर्नामा उत्रिएका हुन् । उनीहरूले बुधबार दुई घन्टा धर्ना दिएका थिए ।

निवर्तमान केन्द्रीय कमिटीका उपाध्यक्ष लक्ष्मण लम्साल, सुधीर साह, नवराज पौडेल, नविना लामा, कोषाध्यक्ष दीपक गौतम, सचिवालय सदस्य थोमस बास्तोला, गुणराज आचार्य, अब्दुल हुसेन खाँ, कमल बस्नेत, राधिका खतिवडा, भक्तकुमारी लामालगायत सयौं नेता तथा कार्यकर्ता धर्नामा बसेका थिए । स्थायी समितिको निर्णय त्रुटिपूर्ण भएकाले सच्याउन माग गर्दै राजधानीमा उपलब्ध करिब पाँच सय अगुवाले पार्टी कार्यालयमा धर्ना दिएको कार्यक्रम संयोजक लक्ष्मण लम्सालले बताए ।

पाँच दिनसम्म धर्नामा बस्ने र त्यसबीचमा पनि माग सुनुवाइ नभए आमरण अनशनमा बस्ने उनीहरूले चेतावनी दिएका छन् । आयोजक कमिटीको संयोजकबाट माधव ढुंगेललाई हटाउन वा मनोनीतसहित पुरानो केन्द्रीय कमिटीका सबै सदस्यलाई आयोजक कमिटीमा समावेश गर्न माग गर्दै उनीहरूले एमाले कार्यालय बल्खुमा धर्ना दिएका हुन् । 'ढुंगेललाई हटाउन वा विघटित केन्द्रीय कमिटीलाई नै आयोजक कमिटीमा रुपान्तरण गर्नुपर्छ,' लम्सालले भने, 'माग पूरा नभए कडा आन्दोलनमा जान बाध्य हुनेछौं ।' धर्ना कार्यक्रम सांकेतिक विरोध मात्र भएको उनले बताए ।

पार्टीका विद्यार्थी फाँट इन्चार्ज भानुभक्त ढकालले एउटा गुटको नेतृत्व गरेर राष्ट्रिय सम्मेलन आयोजक कमिटी सिफारिस गरेको र पार्टीले बुझ्दै नबुझी त्यसैलाई अनुमोदन गरेको उनीहरूको दाबी छ ।

उनीहरूले यसअघि २२ फागुनमा पार्टी अध्यक्ष झलनाथ खनाललाई ज्ञापनपत्र बुझाउँदै अखिलभित्रको समस्या समाधानका लागि आफूहरूको माग पूरा गर्न आग्रह गरेका थिए । ***प्रतिभा श्रेष्ठ (प्रशिषार्थी)***

## अग्नी परीक्षामा...

नभएको खण्डमा अध्यादेशहरू स्वीकृत गरिदिने उद्घोष गरेपछि नेपाली कांग्रेस र नेकपा एमालेसमेत रेग्मीको नेतृत्वमा सरकार गठन गर्न सहमति जनाएका हुन् । रेग्मी नेतृत्वमा सरकार गठन गर्न नेपाली कांग्रेस र नेकपा एमालेका केही उच्चतहका नेताहरू सहमत भएपनि उनीहरूकै दलभित्र त्यसमा एकमत हुन सकेको छैन । नेपाली कांग्रेसको केन्द्रिय समितिका बहुमत सदस्यहरू विरोधमा भएपनि पार्टी सभापति सुशील कोइराला भने बाहिरि र स्वदेशी दबाबका कारण आफूले रेग्मीलाई स्वीकार गर्नु परेको लाचारी अभिव्यक्ति दिन बाध्य भएका छन् । यसरी चुनावी सरकार बनाउन समेत बाहिरि दबाब आउनु र हाम्रा दलका नेताहरूले अफूहरू रबरस्टाम भएर त्यसलाई स्वीकार गर्नुले नेपालको राजनीति नेपाली जनताको हातमा नरहेको प्रमाणित हुँदै गएको छ । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले बाध्यतावस रेग्मीलाई स्वीकार गर्नु परेको उद्घोष गरेपनि कस्तो खालको बाध्यता उनीहरूले स्वीकार गर्नु परेको त्यो खुलाउन नचाहनुले प्रष्ठ हुन्छ, हाम्रा नेताहरूमा निर्णय गर्नसक्ने क्षमता नै देखिएन ।

प्रधानन्यायाधीश खिलाराज रेग्मी सरकार प्रमुख बनिसकेका छन् । तर कुनै व्यक्ति सरकार प्रमुख बन्नु र नबन्नुले खासै अर्थ राख्दैन । समस्या समाधान कसरी हुन्छ भने मूल विषय हो । सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाइएपछि त्यसपछि उत्पन्न हुने परिस्थितिको सामना कसरी गर्ने भन्ने नै जटिल प्रश्न हो । एमाओवादीले प्रस्ताव गरेर उसैको आग्रहमा रेग्मीलाई सरकार प्रमुख बनाए आफूले आगामी संविधानसभाको निर्वाचनमा भाग पनि नलिने र निर्वाचन पनि हुन नदिने उद्घोष नेकपा-माओवादीले गरिसकेको छ भने अन्य केही साना दलहरू जस्तै नेपाल मजदुर किसान पार्टी, लिम्बुवान पार्टी लगायतका अन्य दलहरूले निर्वाचन बहिस्कार गर्ने उद्घोष गरिसकेको अवस्थामा एउटा निर्दलीय व्यक्तिले कसरी निर्वाचन सम्पन्न गराउन सक्छन् ? निर्वाचन निर्वाचनका लागि नभएर सम्पूर्ण समस्या समाधानको लागि हुनुपर्दछ । यदि कसैले निर्वाचनमा भाग लिएनन् भने त्यसले वैधानिकता पाउन मुस्किल पर्न सक्छ । अस्तिमात्र चार राजनीतिक दलहरूले आफूहरूले तयार पारेको बाधा अड्काउ फुकाउ प्रस्तावका बारेमा तत्कालिन संविधानसभामा उपस्थिति भएका ३३ वटै दलको बैठक बोलाएकोमा चार दलबाहेक अन्य सबै दलले चारदलको व्यापक आलोचना गरेका थिए । उनीहरूको विचारमा मुलुकलाई चार दलले चारदलको सिन्डीकेट बनाएर चार दलले मात्र मुलुकलाई आफ्नो पेवा बनाउन खाजेको आरोप लगाउँदै चार दलको निर्णय आफूहरूलाई स्वीकार्य नहुने भन्दै चार दलको प्रस्तावमा आफूहरुलाई पुच्छेमा साक्षी बस्न बोलाएको हुनाले आफूहरू साक्षी नबस्ने उद्घोष गरेका थिए । यसरी राजनीतिक दलहरू नै विभाजित भएको र रेग्मीलाई प्रधानमन्त्री बनाउने कुरामा नेपाल बार समेतले व्यापक विरोध गरिरहेको अवस्था विद्यमान हुँदा हुँदै चारदलले जेठमा हुनै नसक्ने निर्वाचनका लागि रेग्मीलाई सरकार प्रमुख बनाउनुको कुनै अर्थ छैन् ।

पछिल्लो समयमा नेपाली जनता रेग्मीको पक्ष-विपक्षीमा उभिएका छन् । दलहरूले आफूहरू असक्षम र नालायक भएको घोषणा गर्दै नेपाली जनतासँग हामीहरूले दलहरूबाट प्रधानमन्त्री बनाउन सकेनौं । त्यसकारण बहालवाला प्रधानन्यायाधीशलाई संविधान विपरीत काजमा ल्याएर प्रधानमन्त्री बनायौं, भनेर माफी माग्नै पर्दछ । संविधान संशोधन गर्ने अधिकार चारदल र राष्ट्रपति कसैलाई छैन । तर विडम्बना नै मानिनु पर्दछ, संविधानको पालक र संरक्षकले नै संविधान संशोधन गर्नु कस्तो विडम्बना ?

*devendrachudal@gmail.com*

# नेतातन्त्र मूर्दावाद, राजतन्त्र जिन्दावाद भन्नुपर्ने भयो

*डा.विनिता....*

गणतन्त्र भेन्टिलेटरमा पुगिसक्यो, यो जिवित छ कि मरिसक्यो थाहा छैन । राजनीतिक दलहरु निर्दलीय सरकार गठन गरेर संविधानसभाको निर्वाचनमा जाने तैयारीमा जुटेका छन् । जब यही दिन देख्नु थियो र यस्तै अभ्यास गर्नुथियो भने २०६५ साल देठ १५ गते गणतन्त्र कार्यान्वयन गरेर किन नाटक देखाएको ? जनता वाकबिधि भइसकेका छन्, बिधि मासेर बाहुबली शासनले गणतन्त्रको दुर्गत लिइसकेको छ । बरू राजतन्त्रसहितेको बहुदलीय शासन पद्धतिमा जानु बेश होइन र ? किनभने लोकतान्त्रिक गणतन्त्र नेपालमा गणतन्त्र जिन्दावाद होइन, राजतन्त्र जिन्दावादको नारा सुनिन्छ । प्रश्न गम्भीर छैन ? प्रश्न जतिसुकै गम्भीर भए पनि लोकतन्त्रका महारथीहरु पटक्कै गम्भीर देखिदैनन् ।

मन्दिर गए मन्दिरमै, बाटोमा देखे बाटोमै, दसैको टिका होस् कि असार २३ अथवा फागुन ७ को पूर्वराजा रानीको जन्मोत्सव । जुनसुकै अवसरमा पनि 'राजतन्त्र जिन्दावाद'को नारा घन्किन छाडेको छैन । मुलुकका प्रत्येक विकास क्षेत्रबाट निमन्त्रणा आइरहेका छन्, पूजापाठ र अन्तरक्रियाका लालसा प्रकट भइरहेका छन् र सामुन्नेमा देख्नासाथ आम नागरिक नारा लगाइहाल्छन् : 'राजा आउ देश बचाउ ।' माघ २६ गते राजधानीबाट सडकमार्गबाट महिनादिने बारा बसाईमा हिडेका पूर्वराजालाई बाडभञ्ज्याङ, मलेखु, मुग्लिङ, चितवन, हेटौंडा, अमलेखगञ्जदेखि सिमरासम्म आम नागरिकले स्वागत गरेको देखियो । फागुन ४ गते एकाएक सिमरा रंगशालामा सिमरा गोल्डकप फुटबल हेर्न पुगेका पूर्वराजालाई देख्नासाथ युवाहरूले नारा लगाए : 'राजतन्त्र जिन्दावाद ।' फागुन ७ गते पूर्वबडामहारानीको जन्मोत्सवका अवसरमा सिङ्गो बारा, पर्सा, रौतहटका जनता जम्मा भएर नारा लगाए- 'राजतन्त्र जिन्दावाद' । सिमरान ँको त्यो जिन्दावादको आवाज सिंहदरवार, शीतल निवासमात्र होइन, सानेपा, बल्खु र पेरिसडाँडासम्म पनि सुनियो । के हो यो ? किन गणतन्त्र जिन्दावादको नारा देशका कुनै भागमा सुनिन्न । लाग्छ, राजतन्त्र जिवित छ, गणतन्त्र जन्मेकै छैन, गणतन्त्र जनजीवनमा घुल्नै नसकिने रसायन बनेको छ ।

लोकतन्त्र क्षयरोगीभैं टाक्सिदै जाँदो छ । राजतन्त्रको लोकप्रियता घटेको छैन । झापा जोर सिमलका जुत्ताव्यापारीबाट राजनीतिमा गिरिजा कांग्रेसमा प्रवेश गरेका र संविधानसभाको चुनाव हारेका कांग्रेसी कृष्णप्रसाद सिटौलले संविधानसभामा पेश गरेको प्रस्ताव पास भएर २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन भएको थियो । २ वर्ष जनादेश पाएको त्यो संविधानसभालाई राजनीतिक सहमतिको आडमा ४ वर्ष लम्ब्याए पनि अन्ततोगत्वा अप्राकृतिक भेन्टिलेटरमा संविधानसभा ज्यूँदो रहन सकेन र २०६९ साल जेठ १४ गते राति मृत्युको प्यारो भयो । संविधान दिने प्रमुख कार्य नै गर्न नसकी मरेको संविधानसभासँगै त्यसले गरेका गणतन्त्र र धर्मनिरपेक्षताका घोषणाहरूलगायतका अवैधानिक निर्णयहरूको बैधानिकता पनि स्वतः समाप्त भयो । यसपछि प्रश्न उठ्यो- पूर्वराजाले नेपाल राष्ट्रको शासनभार कस्ता नेताहरूको हातमा सुम्पेछन् ?

जनआन्दोलनको मुख्य माग भनेको निरंकूशताको अन्त्य, प्रजातन्त्रको ग्यारेन्टी र बिधिको शासन थियो । २०६३ साल वैशाख ११ गते राजाले मरेको संसदलाई फूमन्तर गरेर ब्यूँताइदिएपछि त्यही संसदको भूतले राजाका अधिकार कटौति गरिदियो, संविधान संशोधन गरेर माओवादीलाई एमालेसरहको सम्मान दियो र त्यही संसदले अन्तरिम संविधान निर्माण गरेर ०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन गरेको थियो । त्यो निर्वाचनले न संविधान दियो, न राजनीतिक संकटको समाधान गर्न सक्यो । मुलुक भीरको चिण्डो न उँधो, न उँभोको हालतमा पुग्यो । मुलुक विदेशीको चलखेलको मैदान बन्यो, अस्तित्वको संकटमा फस्यो ।

जनआन्दोलन र संविधानसभाको निर्वाचनले कुनै पनि दल वा नेतालाई मनलागी निर्णय गर्ने पञ्जापत्र दिएको थिएन । तर, राजनीतिक सहमतिले जनाधिकारलाई किचेर र मिचेर गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको घोषणा गरिदियो । राजनीतिक दलहरूलाई 'कहाँबाट आकाशवाणी आदेश आयो ?' अहिलेसम्म स्पष्ट छैन । तथापि जनतालाई शान्ति र संविधानको लालसा देखाएर राजनीतिक दलहरूले जनताको सार्वभौमसत्ताको दुरुपयोग गरेकै हुन् । जनमत संग्रहबाट हुनुपर्ने निर्णय दलहरूले गरिदिए । तैपनि शान्ति र संविधान, बिधि र न्यायपूर्ण समाज स्थापना भइहाल्छ कि भनेर 'जसो जसो बाहुन उसैउसै स्वाह' शैलीमा जनता आजसम्म चुपचाप बसिरहेका छन्, हस्तक्षेप गरेका छैनन् ।

४ वर्षसम्म लुट्नु लुटेका संविधानसभाका सभासदहरूले आजसम्म जनतालाई भन्न सकेका छैनन्- संविधान किन लेख्न सकिएन ? संविधानसभा बैठक नै नराखी किन बिघटन गरियो ? उपलब्धि के भयो ? संविधानसभाले संविधान लेख्ने नाममा गरेको समय र अरबौं खर्चको जिम्मेवारी लिने कि नलिने ? संविधानसभालाई प्रम बाबुरामले मारिदिए, संविधानसभाका ६०१ सभासद लुरूलुरू मलामी गए । जनताको मतद्वारा निर्वाचित संविधानसभाको यो बेवारिसे मृत्यु । जनतालाई 'थाहापत्तो' दिनु पर्दैन ? कहिले पुनर्स्थापना, कहिले निर्वाचन, कहिले दलको नेतृत्वमा, कहिले स्वतन्त्र अथवा प्रधानन्यायाधीशको नेतृत्वमा ? यस्ता प्रश्नहरु सार्वभौम जनतासँग सम्बन्धित हुन् कि होइनन् ? कुन जनमतको र कति मतको अधिकारले शीर्ष दलहरु राजनीतिक सहमतिमा मुलुकको निर्णय गरिरहेका छन् ? सर्वसम्मत सहमति भनेको चार दलको सहमतिबाट निस्कन सक्छ ? हिजो ३३ दल थिए, आज ११४ दल छन् । यसबाहेक संवैधानिक राजतन्त्रवादी, दलहरु, नागरिक समाज र अन्य शक्तिहरु पनि मुलुकमा छन् । राष्ट्रिय सहमतिमा तिनको मतको गणना हुनुपर्छ कि पर्दैन ? तिनीहरु नेपालका सार्वभौमशक्ति हुन् कि होइनन् ?

लामो समयदेखि सहमत हुन नसकेर शंकामा बाँधिएका राजनीतिक दलहरूलाई एकाएक 'आकाशवाणी' आयो । यही निर्देशनमा राजनीतिक दलहरु प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी परिषद गठन गरेर निर्वाचनमा जान सहमत हुनपुगे । बिबाद मत्थर भयो, आशंका घट्यो, आकाशवाणीले जगाइदिएको विश्वासका आधारमा वार्ताहरु बाक्लिदै गए । बाबुरामको प्रत्यागमन र निर्वाचनको सम्भाबना बढेर गयो । गत जेठ १४ निकास थुनिएर निसास्सिएर मरिसकेको संविधानमा जीवन भर्ने प्रयास सुरु भएका छन् । हेर्नुछ, कामै नलाग्नेगरी थोत्रिएको 'पुड्माङे' संविधान टालटुल पारेर शीर्ष भनिएका कथित चार दलले कहिलेसम्म मुलुकलाई घिसार्न सक्छन् ?

विदेशी चित्रकारले टिनमा लेखिदिएको लोकतान्त्रिक पार्टीका नेताहरूमा लोकतन्त्रका न मर्यादा छ, न गरिमा वा महिमा । लोकतन्त्रमा हुनै पर्ने जनताप्रति जिम्मेवारी र मुलुकप्रतिको इमान्दारितासमेत शून्य छ । ०६३ साल वैशाख ११ गतेदेखि आजसम्मका राजनीतिका यी रथी, महारथीका अनुहार, तिनका गँजडी भाषण, भ्रम छर्ने आश्वासनबाट जनता वाकबिधि बनिसकेका छन् । त्यसैले पूर्वराजा जता गए, माहुरीको रानो यही हो भनेर आम नागरिक भुम्मिन थालेका छन् । लोकतन्त्र टाउको गन्ने व्यवस्था हो भने पूर्वराजतन्त्रजति लोकप्रिय कोही छैन । पूर्वराजाले पूर्व, पश्चिम, मध्य र सुदरपश्चिमका देवदेवी पीठको दर्शन गर्न हिंडेजस्तो गरी राजधानीका तीन सहरका मन्दिरहरूमा पैदल हिड्ने हो भने राजनीतिक दलहरूले ७ वर्ष गरेको राजनीतिक माहोल ७ घण्टामा बालुवाको महल ध्वस्त भएभैं ध्वस्त हुनसक्छ । पूर्वराजा किन भद्रो हेरेर बसेका छन् ? किन जनताको आवाज सुन्दैनन् ? किन नागरिककै हैसियतमा पनि बोल्दैनन् ? राजनीतिक दलहरु दिएको सुविधा कटौती गरिदिने धम्की दिन्छन्, पूर्वराजा कुन सुविधाका लागि जनताका कुरा सुन्छन् तर जनताका बीचमा उभिएर नेतृत्व गर्न सक्दैनन् ? पूर्वराजा राष्ट्रिय, अन्तर्राष्ट्रिय कुन मोहनीका बशमा परेर सुस्त छन्, उकुसमुकुसिएर बसेका छन् ?

हो, केही समय अघि नवलपरासी पुग्दा आयोजकले 'श्री ५ महाराजाधिराज' भनेर संवोधन गरिदिए, जनताले ताली बजाएर स्वागत गरेको देखियो । पूर्वराजाले 'श्री ५ कै हैसियतमा' बोलेको सुनियो । अहिले पनि भ्रष्ट, अनैतिक, अपराधिकरणमा लिप्त भएका राजनीतिक दलहरु आफू असक्षम र नालायक भइसकेको स्थितिलाई 'टोपीले फोहर' छोपेभैं छोपेर शक्ति आफैमा केन्द्रित गर्दै प्रधान न्यायाधीशको चुनाव परिषदमार्फत संविधानसभाको निर्वाचनमा जाने कसरत गर्दैछन् । तर, नेकपा-माओवादीले चुनावमा जान्न भन्दै फागुन ८ गते नेपाल बन्द गरिदियो भने राप्रपा नेपालका अध्यक्ष कमल थापाले राष्ट्रपति निवास ४ पार्टीकोमात्र होइन भनेर आलोचना गर्दैछन् । चार पार्टी र राष्ट्रपतिको यो निकासले पनि राष्ट्रिय सहमतिको स्वरूप लिने र जेठमै चुनाव हुन्छ भनेर आश्वस्त हुने स्थिति तुहिदै गएको देखिन्छ ।

भनिन्छ, असक्षम, अकर्मण्य र आफूले आफैलाई ढाँट्नेहरु जीवनमा अनेकपल्ट मर्छन् । यतिखेर चार शीर्ष दलहरु यस्तै 'राजनीतिक मृत्यु'मा जीवन खोजिरहेका छन् । २०६३ साल वैशाख ११ गते राजाले ब्यूँताइदिएको संसदको आडमा ठालु पल्टेर 'सरदार' बन्दै जनताको सार्वभौमिक अधिकार खोस्दै खोस्दै गणतन्त्रमा पुगेकाहरु 'नयाँ नेपाल' निर्माण गर्न नालायक त भए, भए, तिनको राजनीतिक बेइमानीको कहरमा देश र जनताले पनि बर्बादीको ब्यापक मूल्य चुकाएर दण्ड भोगिरहेका छन् । एक नेपालभित्रका अनेक जाति नेपालीहरूमा विखण्डनको विषबीउ छर्नेहरु सफल हुने सम्भावना थिएन । स्वार्थ, सत्ता र शक्तिमा केन्द्रित यिनले विश्वव्यापी लोकतन्त्रीय पद्धतिका गरिमा, महिमा र सम्मान च्यातचुत पारिदिए । परम्परा र विश्वासमाथि आक्रमण गरेर आफूले निर्माण गरेको अन्तरिम संविधानलाई कुँजो बनाएर संवैधानिक र राजनीतिक संकट खडा गरिदिए । अभै पनि समय छ, राजतन्त्रसहितको सर्बदलीय सहमतिबाट गत्यारोध र संकटबाट मुक्ति खोज्ने प्रयास हुँदैन भने यसका अनेकथरि दुष्प्रभावहरु मुलुकले खप्नु र खेप्नु पर्नेछ । राजनीतिक बिबाद बढ्नेछ, अन्त्य हुनसक्ने छैन ।

राजतन्त्रवादलाई प्रतिगामी भनेर डामिन्छ । अग्रगामीहरूको अनुहार वर्तमान असरल्ल नेपाल होइन । राजतन्त्रवादले २०६३ साल वैशाख ११ गतेदेखि कहाँनेर कुन अल्भो थाप्यो र राजनीतिक दलहरूले काम गर्न पाएनन् । जनताको अधिकारसम्म पनि नेताहरूको सहमतिमा हस्तक्षेप भयो तर राजतन्त्रवादीले कहीं र कतै पनि धराप बनेनन्, समस्या बनेनन् । तैपनि राजनीतिक दलहरूले ७ वर्षमा सयौं समस्याहरूको बोझ जनताको काँधमा थोपरिदिए । जनताको बोझ कम गर्नु राजनीति हो, लोकतन्त्रका नेताहरूले यसको उल्टो काम गरेर पनि साँढे पल्टिरहेका छन्, साँढेजस्तै डुक्रिरहेका छन् । जुन राजनीतिक अधर्म हो ।

नेपाल बोक्नेहरु प्रतिगामी, विदेशी नेताको नाम र झण्डा बोकेर हिड्नेहरु अग्रगामी । आश्चर्य छ । नेपाली माटो, नेपाली सगरमाथा, भूमिपुत्रलाई सिद्धान्त, प्रेरणा र उर्जा मानेर हिड्ने कुन नेता छन् ? नेपालका सवासय जातजातिको पहिचान र अधिकार स्थापित गरेर हिड्ने ल्याकत र हिम्मत कुन दलमा देखियो ? लहैलहैमा जनतालाई उफार्ने र पछार्ने नेताहरु 'राजनेता' रे ? स्वार्थसँग देशको अस्तित्व साटफेर गर्न पनि आतुर देखिने नेता देशभक्त रे ? देशको बेहाल बनाएर त्यसमाथि रजगज गर्न खोज्ने नेताहरु कसरी देशभक्त हुनसकछन् ?

नेताहरूको द्वेध चरित्र, सिद्धान्त, निष्ठा र नीतिहीनता देखेर लोक वाक्क भइसकेका छन् । यही वाक्कपछिको अभिव्यक्ति हो : 'राजतन्त्र जिन्दावाद ।' हिजो एक राजा थिए, जनताको निर्णय मान्य छ भनेर हिड्थे । आज पार्टीपिच्छेका राजा छन् र आफ्नो निर्णय लोकमाथि लादिरहेका छन् । यो स्थितिमा पूर्वराजा जनतालाई गुहारेर टुँडिखेलमा उभिए भने नेपालको राजनीतिमा फ्रान्सको जस्तो राज्य क्रान्ति होला कि नेतातन्त्रको बिनास ?' पूर्वराजा नागार्जुनबाट निस्कन र टुँडिखेलमा बोल्न हिम्मत गरिरहेका छैनन् । किन उनी मुख हुँदाहुँदै नाकले पानी खाइरहेछन् ? बुझ्न सकिन्न । राजनीतिमा जित्नेले हस्तिनापुरको राज पाउँछ । चपरीमुनी पुऱ्याइएका पूर्वराजा षडयन्त्रबाट को त्यो जालो काटेर जित्ने निश्चित छ तर वीरका छोरामा पुर्खाको पाइन चढेको वीरताको झल्को देखिन सकेन । त्यसैले राजतन्त्र जिन्दावादको नारा सुनिन्छ, जनताको जीवनशैली बन्न सकेन । लोकतन्त्र जिन्दावादको नारा कतै सुनिन्न, तर लोकतन्त्रको मुखुण्डो भिरेर जनतालाई तर्साउने कामउँ भइरहेको छ ।

## पाटनको रेक्टरमा डा. बराल

काठमाडौं/ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको रेक्टरमा डा. केदार बराल नियुक्त भएका छन् । प्रतिष्ठानका उपकुलपति डा. जयरानारायण साहको सिफारिसमा सोमबार स्वास्थ्य तथा जनसंख्यामन्त्री राजेन्द्र महतोले बराललाई रेक्टरमा नियुक्त गरेका हुन् । गत मंसिरमा रेक्टर बनेकी डा. सौम्या भट्टाचार्यको चौतर्फी विरोधले पदबाट राजीनामा आएपछि उनको स्थानमा डा. बराल नियुक्त भएका हुन् । भदौमा उपकुलपतिमा नियुक्त भएकी डा. संगिता भण्डारीले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान भरनामा कार्यरत डा. भट्टाचार्यलाई रेक्टरमा नियुक्त गरेपछि प्रतिष्ठानका चिकित्सक तथा कर्मचारी आन्दोलनमा उत्रिएका थिए ।, ***प्रतिक्षा नेपाल (प्रशिक्षार्थी)***

## काव्य स्कुलमा विज्ञान प्रदर्शनी

काठमाडौं/ नयाँ बानेश्वरस्थित काव्य स्कुलका विद्यार्थीले विद्यालय परिसरमा वैज्ञानिक प्रदर्शनी गरेका छन् । विज्ञान विषय पढ्दै गरेका २ देखि १० कक्षासम्मका विद्यार्थीले आफ्नो क्षमताअनुसारका विभिन्न वैज्ञानिक सामग्री बनाएर प्रदर्शन गरेका हुन् । प्रदर्शनी हेर्न नजिककैा नेरिक स्कुल, एभरेस्ट फ्लोरिडा, नोबेल कलेजलगायतका विद्यार्थी आएका थिए ।

प्रदर्शनीमा विद्यार्थीले तारापुञ्ज, ब्रह्माण्ड, ब्ल्याक होल, डिएनएको नमुना, चुम्बकीय शक्ति, जादुमय धारा, सोलार हिटर, कागजको भाडामा चिया पकाउने विधि, काठमाडौं उपत्यकाको भौगोलिक संरचना, हावाको चापबाट चल्ने बल, मुटुको कामलगायत एक सयभन्दा बढी आविष्कार गरेर प्रदर्शन गरेका थिए । काव्य स्कुलका संस्थापक प्रिन्सिपल नवराज बास्कोटाले प्रदर्शनीको उद्घाटन गरेका थिए । विज्ञान प्रदर्शनीका संयोजकसमेत रहेका विद्यालयका सञ्चालक ईन्द्रकुमार प्रसाईंले विज्ञान अनुभूति गर्ने विषय नभई व्यावहारिक शिक्षा भएको बताए । ***निशा मानन्धर (प्रशिक्षार्थी)***

# दक्षिण एसियामा भारतीय नीति

**सुरेन्द्र प्रधान**

पाकिस्तानले चीनको सहयोगमा निर्माण गरेको ग्वादर बन्दरगाह व्यवस्थापनको जिम्मेवारी पनि हालै चीनलाई नै सुम्पिएपछि भारत थप सशंकित बनेको छ । पाकिस्तानमा मात्र होइन, चिनियाँ लगानीमा श्रीलंकाको राजधानी कोलम्बो र हम्बनतोतामा दुई अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन अवस्थामा छन् भने मिरिग्मा जिल्ला विशेष आर्थिक क्षेत्रका रूपमा विकास भइरहेको छ । चीनले त्यहाँ पावर प्लान्ट, आर्ट्स सेन्टर र नयाँ क्रिकेट स्टेडियम निर्माण गरिरहेको छ । त्यसैगरी, कोइलाखानीलगायत ग्यास तथा पेट्रोलियम उत्पादन, सडक र टेलिकम्युनिकेसनजस्ता आधारभूत विकासमा समेत चीनको संलग्नता वृद्धि भइरहेको छ । बितेका चार वर्षको अवधिमा मात्रै चीनले श्रीलंकाको पूर्वाधार विकासका लागि झन्डै चार अर्ब डलरको सहयोग गरिसकेको छ । राष्ट्रपति राजापाक्षेको गृहजिल्ला हम्बनतोतामा बन्दरगाह निर्माणमा चीनको सक्रिय सहयोग रहेको र श्रीलंका सरकारले त्यहाँ चिनियाँ नौसैनिक अखडा राख्नसमेत अनुमति दिइसकेको छ ।

तमिल विद्रोहको प्रश्नमा सार्वजनिक रूपमा भारत श्रीलंका सरकारकै साथमा थियो । यद्यपि, सो मुद्दाबारे भारतीय भूमिकालाई लिएर त्यस वेला पनि आशंका नगरिएको होइन । तमिल समस्यामा भारतीय सेनाको उपस्थितिले समेत समाधान नभएपछि श्रीलंकाले भारतीय साथ र सहयोगमा तमिल समस्याको निकास आउने आशा मारेको थियो । मन्द गतिमा चीनतर्फ अघि बढेको श्रीलंका सरकारमा महिन्दा राजापाक्षेको उदयपछि प्रस्ट रूपमा चीनको पक्षमा उभिएको थियो । अहिले चीन श्रीलंकाको सबैभन्दा ठूलो व्यापारिक साझेदार तथा दाता राष्ट्रका रूपमा देखापरेको छ । यी दुई मुलुकबीच २००७ मा भएको व्यापार तथा लगानी सम्झौतापछि चीनले त्यहाँ अथाह लगानी गरिरहेको छ । निश्चय नै श्रीलंकामा चीनको यो स्तरको संलग्नताले भारत अप्ठ्यारो अवस्थामा पुगेको छ ।

त्यसै पनि पाकिस्तानको ग्वादर बन्दरगाह मात्र होइन, बंगलादेशको चटगाउँ र म्यानमारको क्योयोकफ्यु बन्दरगाह चिनियाँ नौसेनालाई उपलब्ध गराउने विषयले भारतलाई थप पिरोलेको छ । यसलाई नयाँ दिल्लीले चीनले आफूलाई चारैतिरबाट घेर्न खोजेको अर्थमा लिएको देखिन्छ । दक्षिण एसियामा चीनको मात्र होइन, आजको महाशक्ति राष्ट्र अमेरिकाको समेत ध्यान जान थालेको छ । अमेरिकी राष्ट्रपति बाराक ओबामाले पुनर्निर्वाचित भएपछि पहिलो दक्षिण एसियाली मुलुकका रूपमा म्यानमारमा भ्रमण सम्पन्न गरे । यो संयोग मात्र थिएन । इराक र अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्तीपछि एसियालाई प्राथमिकतामा राख्ने ओबामा प्रशासनको पूर्वघोषित नीतिअन्तर्गत नै उनको म्यानमार भ्रमण सम्पन भएको थियो भन्नेमा कुनै सन्देह छैन । एक्काइसौँ शताब्दीको आर्थिक केन्द्र एसिया हुने, विश्वमा चीनको बढ्दो आर्थिक र सामरिक शक्ति तथा अमेरिकाको एसियाली मुलुकसँगको बढ्दो आर्थिक र व्यापारिक सम्बन्धको सन्दर्भमा अमेरिकाको प्राथमिकताको क्षेत्र अब युरोपबाट एसिया हुन थालेको हो । केही महिनाअघि एसियाली मुलुकको भ्रमणका क्रममा तत्कालीन अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनले समेत सो कुरा स्पष्ट पारिसकेकी थिइन् ।

दुई महिनाअघि मात्रै सकिएको चीनको नेसनल पिपुल्स कंग्रेसको १८औँ महाधिवेशनबाट महासचिवमा छनोट भएका सी जिपिङले शक्तिशाली सैनिक आयोगको अध्यक्षतासमेत ग्रहण गरिसकका छन् भने आउँदो मार्चसम्ममा उनी चीनको राष्ट्रपतिसमेत भइसक्नेछन् । चीनको नेतृत्वको चार पुस्ता देखेका प्रोफेसर वाङ होङवेईका अनुसार आगामी दश वर्ष नयाँ नेतृत्वले पश्चिम चीनको विकासलाई प्राथमिकता दिनेछ, जसको प्रभाव नेपालजस्ता छिमेकी देशमा पर्नेछ । नयाँ नेतृत्वले मूलतः पहिलेकै परराष्ट्र नीतिलाई निरन्तरता दिने भनिए पनि बेइजिङका विज्ञहरूले अमेरिकी रणनीतिअनुसार यसमा हेरफेर हुने संकेत गरेका छन् ।

चाइना इन्स्टिच्युट अफ कन्टेम्पोररी इन्टरनेसनल रिलेसन्सका दक्षिण तथा दक्षिण पूर्वी एशिया निर्देशक हु सिसेङका अनुसार बेइजिङको नयाँ नेतृत्वले छिमेकीसँगको सम्बन्धलाई बढी मह□व दिनेछ । राम्रो सम्बन्ध विकास गरी छिमेकीलाई स्थिर र समृद्ध नबनाएसम्म चीन विश्वशक्ति बन्न सक्दैन । उनका अनुसार बेइजिङले विगतमा अमेरिकासँगको सम्बन्धलाई प्राथमिकता दियो, अहिलेको भिन्न भूराजनीतिक स्थितिमा आगामी दश वर्ष छिमेकीसँगको सम्बन्धलाई प्राथमिकता दिनेछ । नयाँ चिनियाँ नेतृत्वले छिमेकी र चिनियाँ जनतालाई कसरी खुसी राख्ने भन्ने कुरालाई मह□व दिनेछ । नयाँ नेतृत्वले आन्तरिक रूपमा सामाजिक निर्माण र बाह्य रूपमा छिमेक निर्माणमा प्राथमिकता दिनेछ । यी भनाइले बेइजिङको नयाँ नेतृत्वमाथि बाह्य रूपमा अमेरिकाको एसिया रणनीतिको दबाब परेको प्रस्टै अनुभूत गर्न सकिन्छ ।

विश्व महाशक्ति अमेरिकालगायत उदाउँदो महाशक्ति चीनले आफ्ना छिमेकी अर्थात् एसियाली मुलुकको निर्माणलाई प्राथमिकता दिने उद्घोषले दक्षिण एसियामा नयाँ राजनीतिक तरंग उत्पन्न गरिदिएको छ । दक्षिण एसियालाई आफ्नो पारम्परिक प्रभावक्षेत्र ठान्दै आएको भारतले यस क्षेत्रमा आफ्नो प्रभावलाई कायम राख्न थप दुईवटा महाशक्ति राष्ट्रसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ । दक्षिण एसियामा आफ्नो प्रभाव क्षेत्र कायमै राख्न भारतले अब कस्तो रणनीति तयार गर्छ, प्रतीक्षाको विषय भएको छ । त्यसो त भारतको दक्षिण एसियाली राष्ट्रहरूसँगको सम्बन्ध अत्यन्तै उतारचढावपूर्ण रहिआएको छ । अर्थात्, भनौँ दक्षिण एसियामा भारतको प्रभाव क्रमशः घटदो क्रममा रहेको महसुस गर्न थालिएको छ ।

भारतले हजारौँ वर्ष लामो ऐतिहासिक सम्बन्ध, एउटै धर्म, एउटै संस्कृति, एउटै मूल्यमान्यता भएका र रोटिबेटीसमेतको सम्बन्धलाई आधार बनाएर दक्षिण एसियालाई आफ्नो परम्परागत प्रभावक्षेत्रका रूपमा ग्रहण गर्दै सोहीअनुरूपको व्यवहारको प्रदर्शन गर्दै आएको छ । वर्तमान एकध्रुवीय विश्व व्यवस्था, दक्षिण एसियाकै छिमेकी मुलुक चीन महाशक्ति राष्ट्रको रूपमा उदय भइरहेको वर्तमान अवस्थामा यी विषय मात्र द्विपक्षीय सम्बन्ध विकासका लागि पर्याप्त आधार हुन सक्दैनन् भन्ने स्पष्ट देखिन्छ ।

ढिलै भए पनि चीनले महाशक्ति राष्ट्र बन्नका लागि छिमेकी राष्ट्रलाई समेत सँगै लैजानुपर्ने महसुस गरेको अवस्थामा महाशक्ति राष्ट्र बन्ने महत्वाकांक्षा राखेको र त्यसतर्फ नै अघि बढेको भारतले पनि त्यस्तो आवश्यकता महसुस गरेको हुनुपर्छ । यद्यपि, यसबारे चीनले भन्दा पहिले भारतका भूतपूर्व प्रधानमन्त्री इन्द्रकुमार गुजरालले त्यसको आवश्यकता महसुस गरेको भए पनि त्यसले निरन्तरता पाउन सकेन । भारतले आफ्ना छिमेकी मुलुकसँग शक्तिको प्रभाव देखिने गरी गर्ने व्यवहारले अन्ततोगत्वा भारतलाई नै नोक्सानी गर्छ भन्ने उनको भनाइलाई उनको जीवनकालसम्म परम्परागत मान्यता राख्ने भारतीय राजनीतिज्ञ, कूटनीतिज्ञ तथा कर्मचारीले गम्भीरतापूर्वक लिएनन् । तर, हालै उनको निधनपछि भारतीय प्रधानमन्त्री मनमोहन सिंहले दक्षिण एसियामा गुजरालको अभाव खड्किनेछ, भन्दै उनीप्रति व्यक्त गरेको उद्गारले गुजराल डक्ट्रिनमार्फत उनले दक्षिण एसियामा शान्त, मैत्री र सहकार्यलाई अघि बढाउने संकेत गरेका छन् । दक्षिण एसियामा भारतको प्रभाव घट्दो क्रममा रहेको र अन्य मुलुकको प्रभाव बढ्दो क्रममा रहेको वस्तुस्थितिलाई महसुस गर्दै भारतका विदेशमन्त्री सलमान खुर्सिदले दुई महिनाअघि भारतमा सम्पन्न एउटा सम्मेलनमा दक्षिण एसियामा चीनको उपस्थिति स्वीकार्न भारत तयार हुनुपर्ने बताएका थिए । उनले भारतीय कूटनीति दशकौँ पुरानो भएकाले कूटनीतिक रणनीतिमा नयाँ आयाम दिनुपर्ने बताउँदै भारतले आउँदो वर्ष चीनसँगको सम्बन्धलाई उपलब्धिमूलक साझेदारीमा बदल्नुपर्ने धारणा व्यक्त गरेका थिए । उनका अनुसार चीन भारतको साझेदार र छिमेकी भएकाले उसको शक्ति भारतसँग जोड्न सक्नु भारतको वैदेशिक नीतिको नौलो आयाम हुने धारणासमेत राखेका थिए । खुर्सिदले दक्षिण एसियाको आजको वास्तविक स्थितिलाई स्वीकार गर्दै भारतको दक्षिण एसिया नीति परिवर्तन हुने स्पष्ट संकेत गरेका थिए ।

भारतले आफ्नै पुरानो उपमहाद्वीपीय मानसिकताको तत्काल परित्याग नगरेसम्म र गुजराल डक्ट्रिनलाई पुनर्जीवित नगरेसम्म भारतले दक्षिण एसियामा रहेको आफ्नो परम्परागत प्रभाव गुमाउँदै मात्र जानेछैन, अपितु त्यसैकारण उसको महाशक्ति बन्ने आकांक्षाले समेत गति लिन सक्दैन भन्नेमा कुनै सन्देह छैन ।

## भाडा घटाउन माग गर्दै चार घन्टा चक्काजाम

काठमाडौं । सार्वजनिक यातायातमा गरिएको मूल्यवृद्धि फिर्ताको माग गर्दै ११ विद्यार्थी संगठनले बुधबार बिहान चार घन्टा चक्काजाम गरे । चक्काजामका कारण बिहानी सेवाका शैक्षिक संस्था तथा कार्यालय प्रभावित बनेका थिए । विद्यार्थीले अत्यावश्यकीय सेवाका एम्बुलेन्स, प्रेस, पानी ट्यांकरलगायतका साधन मात्र चल्न दिएका थिए ।

आन्दोलनरत विद्यार्थीले चोकचोक र क्याम्पसअघि विरोध प्रदर्शन गरेका थिए । सार्वजनिक यातायातमा भएको भाडावृद्धि तत्काल फिर्ता लिनुपर्ने, विद्यार्थी सहुलियत ५० प्रतिशत बनाइनुपर्ने, स्ववियु निर्वाचनको मिति तोकिनुपर्नेलगायतका माग राख्दै विपक्षी दलनिकट ११ विद्यार्थी संगठन आन्दोलनमा छन् ।

पहिलो चरणमा घोषित आन्दोलनका कार्यक्रमअन्तर्गत बुधबार चक्काजाम गरिएको अनेरास्ववियुका संयोजक माधव ढुंगेलले बताए । आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी रहने उनको भनाइ छ ।

***सरिता बस्नेत (प्रशिषार्थी)***




### मुलुक चक्रब्यूहमा...

सँच्चिदैनन्, स्वार्थ त्याग गर्दैनन् भने चुनाव निष्पक्ष र धाँधली हुन सक्दैन । निष्पक्ष चुनाव हुन नसक्नु भनेको द्वन्द्व र भीडन्त चर्कनु हो ।

### आगोको...

प्रधानन्यायाधीश रेग्मीको अध्यक्षतामा गठन भएको सरकारका अगाडि समस्याहरू पहाडका रुपमा उभिएका छन् । चार दल बाहेकका अन्य दलहरूले गर्ने सडक आन्दोलनलाई रेग्मी सरकारले समाधान गदै उनीहरूलाई निर्वाचनमा साहभागी गराउनु पर्ने अवस्थामा रेग्मी सरकारको भूमिका कस्तो हुन्छ ? नेपालबारसहित पूर्वप्रधानन्यायाधीश र नागरिक समाज समेत रेग्मीको विरोधमा उभिएका हुनाले रेग्मी सरकारले विरोधहरूसँग कस्तो व्यवहार देखाउँछ त्यसमा नै रेग्मी सरकारको सफलता र असफलता निर्भर गर्दछ । २०७० असार ७ गते भित्रमा निर्वाचन हुन नसकेको खण्डमा मंसिरभित्रमा निर्वाचन गराइसक्नु पर्ने बाध्यात्मक अवस्थामा रेग्मी सरकार रहेको र संवैधानिक निकायहरूमा कस्ता व्यक्तिहरू नियुक्त हुन्छन्, त्यसले रेग्मी सरकारको मूल्यांकन हुने भएको हुनाले पनि त्यसतर्फ रेग्मी सरकार चनाखो हुनुपर्ने आवश्यकता देखिएको छ । कथमकदाचित तोकिएको समयमीमा भित्रमा रेग्मीले निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन नसकेको खण्डमा रेग्मी फेरी सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको रूपमा कार्म गर्ने गरी फर्कनु कुनै हालतमा पनि उचित हुँदैन ।

तिन ठूला दल र मधेशी मोर्चा सम्मिलित राजनीतिक संयन्त्रले गर्ने निर्णहरू मात्र कार्यान्वयन गर्ने कार्य रेग्मी सरकारले गरेमा रेग्मीले अहिलेसम्म न्याय क्षेत्रमा बसेर कमाएको मान, प्रतिष्ठा र सम्मान पनि समाप्त हुने र उनी चार दलको हतियार र एकीकृत नेकपा माओवादीको लट्ठीमात्र सावित हुने सम्भावना पनि त्यत्तिकै छ ।

### बाबुरामलाई...

खर्बभनदा बढी लागतका यी आयोजनाहरूमा खुल्ला प्रतिस्पर्धाबाट सक्षम र योग्य आयोजना प्रमुख नियुक्त गर्नुपर्ने पूर्व घोषित नीतिविपरित उर्जामन्त्री समेत रहेका प्रधानमन्त्रीको प्रस्तावमा एक मेघावाट जलविद्युत आयोजना समेत बनाएको अनुभव नभएका व्यक्तिहरूलाई विकास समितिको कार्यकारी अध्यक्षमा नियुक्त गरेका थिए । दुवै कार्यकारी अध्यक्षहरूलाई प्रशासनिक र आर्थिक अधिकार समेत हर्ने गरी नियुक्त गरिएको हुनाले त्यहाँ भ्रष्टाचार गरी मातृ पार्टीलाई ठूलो सहयोग पुऱ्याउने उद्देश्यले देवकोटा र शाहीलाई नियुक्त गरिएको उर्जा स्रातको दाबी रहेको छ ।

उर्जा स्रोतका अनुसार यी दुवै कार्यकारी अध्यक्षहरूले सरकारका सचिव (विशिष्ट)ले पाए सरहको गाडी, इन्धन, मर्मत खर्च, टेलिफोन, मोबाइल, घर भाडासहित अन्य सबै प्रकारका सुविधाहरू पाउने छन् । मन्त्रिपरिषद्बाट निर्णय हुनासाथ उनीहरूले नियुक्त भएकै दिनदेखि सबै भत्तालगायका सुविधानहरू लिन पाउने छन् । राजनीतिक नियुक्ती पाएका यस्ता अधिकारीलाई यति धेरै तलब पाउने गरी नियुक्त गरिएको यो नेपालमै पहिलो पटक हो । स्मरणरहोस् नेपालका उपराष्ट्रपतिको तलब रू. ७५ हजार रहेको छ ।

देवकोटा हाइड्रोलोजीमा स्नातकोत्तर गरेका कारण योग्यता पुगेका भएपनि जलविद्युत क्षेत्रमा काम गरेका अनुभव छैन भने स्नातक मात्र गरेका शाहीको शैक्षिक योग्यता र जलविद्युत सम्बन्धी अनुभव नै छैन, त्यसैले यी दुवैको योग्यता पुग्दैन । यति ठूलो आयोजनामा देवकोटालाई प्रधानमन्त्रीले जिल्लाबासी भएको र शाही एकीकृत नेकपा माओवादीमा आवद्ध शिक्षक भएको नाताले नियुक्त गरिको हो । यी दुवै विकास समितिमा नियुक्त सदस्यहरूको भने तलब भत्ता लगायतका अन्य सुविधाहरू तय हुन बाँकी रहेको र सदस्यहरूको सुविधा विकास समितिले नै तोक्न सक्ने अधिकार दिइएको छ ।

नियम मिचेर नियुक्त गरिएका यी दुवै व्यक्तिहरू बाबुराम भट्टराई नजिकका मानिन्छन् । सरकार आफैंले गठन गरेको विकास समिति आदेशमा कुनैपनि क्षेत्रमा नियुक्त हुन कम्तिमा १० वर्षको अनुभव आवश्यक रहने उल्लेख गरेको छ, तर देवकोटा र शाहीसँग १० वर्ष होइन एक महिनाकोसम्म अनुभव छैन । भट्टराई सरकारले राज्यको ढुकुटीमा ब्रम्हलुट मच्चाउँदै यस्तो गैरकानुनी निर्णयहरू गरी जनताले तिरेको करम लुट मच्चाएको हुनाले भट्टराई सरकारको पालामा भएका नियुक्ति, सरुवा बढुवा सम्बन्धी निर्णयहरू विवादको घेरामा परेका छन् ।

### सबै नेपालीलाई...

भएका व्यक्तिहरू, बलत्कार गर्न खोज्दा मारिएका व्यक्तिहरू, चोरी, डकैतीमा संलग्न व्यक्तिहरूदेखि लिएर एकीकृत नेकपा माओवादीले हत्या गरेका व्यक्तिहरू समेत सहिदको सूचिमा राखिए पछि सहिदहरूको मात्र होइन सहिद शब्दको नै अपमान भएको छ ।

सहिदको सूचिमा जनआन्दोलनका क्रममा मारिएका २७ जना, कर्तव्यपालनको सिलसिलामा मारिएका १५ जना, तराई-मधेश आन्दोलनमा मारिएका ४६ जना, अज्ञात समूहद्वारा मारिएका १४ जना र के भएर मरिएका हुन् भन्ने कुनै तथ्य नै नखुलाई १५ जनालाई समावेश गरिएको छ । त्यसैगरी लिम्बुवान आन्दोलनमा मारिएका, सशस्त्र समूहबाट मरिएका, मस्जिदमा बम विष्फोट भएर मारिएका व्यक्तिहरूलाई समेत सहिदको सूचिमा राखिएको हुनाले अब नेपाली जनताले सहिद को हुन्, कति छन् भन्ने थाहा नपाउने भएका हुनलो राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउन बलिदान गर्ने दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुक्रराज शास्त्रीको अपमान भएको छ । एकीकृत नेकपा माओवादीद्वारा मारिएका रूपन्देहीका एमाले कार्यकर्ता प्रचण्ड थैव र बम आक्रमणमा मारिएका सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई समेत सहिदको सूचीमा राखिनुको अर्थ के ? यसरी प्रत्येक सरकारले सहिद घोषणा गर्दै राज्यबाट सुविधा उपलब्ध गराउने कार्यले राज्यकोषको दुरूपयोग हुने गरेको छ । सरकार गठन पिच्छे नै सहिद घोषणा गर्नुभन्दा अब सबै नेपाली जनतालाई अग्रिम सहिद घोषणा गरेको खण्डमा सरकारले सहिद घोषणा गर्ने नपर्ने विश्लेषण समेत हुन थालेको छ ।

### भित्र भित्रै...

मुलुकलाई निकास दिने रे ! विश्लेषकहरू भन्छन्, यो भन्दा ठूलो दुर्भाग्य अरू के हुनसक्छ ?

२०६४ सालको संविधानसभाको निर्वाचनदेखि आजसम्म पनि राजनीतिक दलहरू मुलुक र मुलुकबासीप्रति जिम्मेवार हुन सकेनन् । कहिले पनि एकै ठाउामा बसेर नयाँ नेपाल, नयाँ संविधानका बारेमा छलफल गरेनन् । स्थिति यतिसम्म तित्त्क बन्यो कि एक दोस्राप्रति विश्वाससमेत गर्न सक्ने स्थिति रहेन । यो अवस्थामा निर्दलीय सरकार गठन गरेर लोकतान्त्रिक निर्वाचनमा जाने निर्णय दलहरूले गरेका छन् । राजनीतिक वितण्डालाई निर्दलीय सरकार र त्यसले गराएको निर्वाचनले निकास दिन सक्ला र ? भन्ने आशंका व्याप्त हुँदै गएको छ ।

### त्यो गोप्य बैठकमा...

तर दोस्रो दिन आश्चर्य भयो । सबै दल सहमत भए । सहमतिको सूत्र चतयार गर्न थाले । मधेशीले दलहरूबीच संवैधानिक नियुक्तीमा भागबण्ढा भए । गत आइबार फेरी 'र' का नेपाल प्रमुख प्रभात, राजदुत जयन्त प्रसाद, बाबुराम र प्रचण्डबीच गोप्य वार्ता भएको छ । भनिन्छ, यो वार्तापछि प्रधान्यायाधीश प्रधानमन्त्रीमा नियुक्त भएर शपथग्रहण गरेका छन् । सबै निर्णय जयन्तप्रसादले गर्ने भएपछि नेताहरूको के काम ?

### तिब्बेतियनको...

आफैंमाथि खन्याएर आत्मदाहको प्रयास गरेका थिए । प्रहरीले उनलाई अस्पताल त लग्यो, तर उनी मरे । फ्रि तिब्बतको माग गरेर आत्मदाह गर्ने उनी सयौं व्यक्ति थिए । यसअघि पनि आत्मदाहका प्रयासहरू भएका थिए, तर सुरक्षा निकायले रोकेको थियो ।

यसैबीच चीनका नवनियुक्त राजदूत ऊले सोमबार राष्ट्रपति डा.रामवरण यादवसमक्ष ओहदाको प्रमाणपत्र पेश गरेर मंगलबार प्रचण्डलाई भेटेका छन् । आधा घन्टा लामो यो भेटमा तिब्बेतियन मुभमेन्ट रोकनि पर्ने र नेपालमा एन्टी चाइना क्रियाकलाप हुन नहुने माग गरेका छन् । राजदूतले डुप्चे छिरिङको लाशबारे कुरा उठाएका छन् । भारत डुप्चेको लाश जनता दल युनाइटेडका अध्यक्ष तथा सोलिडारिटीका नेता शरद यादवलाई सुपुर्द गर्न दबाब दिइरहेको छ । यो कार्य चीन विरोधी देखिने डरले सरकार निर्णय गर्न सकिरहेको छैन ।

नेपालको कानुनी व्यवस्थाअनुसार पारिवारिक प्रष्टाता नभएको लाश आफैंले नष्ट गर्ने गर्छ । अन्तर्राष्ट्रिय मुद्दा बन्दै गएको आत्मदाहा गर्ने तिब्बेतियनको लाशले कतै नेपालको स्वाधिनता र स्वतन्त्रतामा अर्को चर्को धक्का लाग्ने त होइन ? प्रश्न गम्भीर बनेको छ ।

### अब...

?)हरूलाई महत्वपूर्ण अधिकार दिएर नेपाल र नेपालीका लागि एउटा नितान्त नौलो प्रयोगको थालनी गरेको पनि हो । तर अफसोचका साथ भन्नु पर्छ, यो 'प्रयोग' नेपाल र नेपालीको हावापानी र माटो सुहाउँदो भएन । सोचौं त, कुन चैं नेता, कुन चैं पार्टी वा संविधानका पालक भनिएका ती राष्ट्रप्रति 'सफल' भएका छन् त ? अझ जवाफदेहिताको अभावमा पार्टीहरूको लहैलहैमा लागेर स्वयं राष्ट्रपति महोदय समेत अन्तरिम संविधानमा 'बाधा अड्काउ फुकाउने' भन्दै विभिन्न खाले 'अभ्यास'हरू जो लोकतन्त्र 'को मर्म विपरीत छन्, गर्न उद्दत देखिएका छन् । वास्तवमा फेरि पनि भन्नुपर्दा 'यिनले' मात्र मुलुक थाम्न सकेनन् । एउटा दह्रो मियो, जसले सबैलाई एकत्रित गर्न सकोस् त्यसको खाँचो टड्कारो रुपमा देखिन थालिएको छ । होला, हिजोको संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थामा पनि जनताको पक्षमा कतिपय व्यवस्थाहरू थिएनन् होला । सबैखाले नेपालीहरूलाई त्यो संविधान (२०४७को)ले समेट्न नसकेको अनुभव पनि कतिपयलाई भयो होला । तर पनि नारायणहिटीमा शाहवंशीय राजतन्त्रको उत्तराधिकारी रहुन्जेल यतिविघ्न जटिल अवस्थामा मुलुक फसेको थिएन । त्यसकारण २०४७ सालको संविधानमा आवश्यक एवं समयानुकूल संशोधन गरेर राजा एवं जनता सबैलाई समेटेर अगाडि बढ्दा के होला ? अहिले लोकतन्त्र को त कुरै छाडौं, मुलुक नै रहने वा नरहने भन्ने दोबाटोमा उभिन पुगेको छ । पार्टीगत एवं व्यक्तिगत वा विभिन्न कारणले राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सेना जस्ता मुलुकबासीले भरोसा गरेका संस्थाहरूलाई एकपछि अर्को गरेर पंगु बनाइएको छ । जनता बोल्दैनन्, जवाफदेही निकाय कुनै छैन, कसैको कसैप्रति जिम्मेवारी भएको देखिँदैन, र सबैभन्दा महत्वपूर्ण कुरा एउटा सशक्त एवं दह्रो संस्था जसकाप्रति नेपाली जनताले र अन्तर्राष्ट्रिय समुदायले समेत भरोसा र विश्वास गर्न सकोस, त्यसको नितान्त अभाव देखिएको छ । राजतन्त्रलाई एकपक्षीय रूपमा विस्थापन गरिइसकेपछि स्थापना भएको राष्ट्रपतिको कार्यालयबाट आम नेपालीहरूले ठूलो आशा राखेका थिए । तर बडो दुःखका साथ भन्नु पर्छ कि, यहाँका शक्तिशाली पार्टीहरूका अगाडि त्यो कार्यालय एकदमै निरीह देखिन पुग्यो । 'निकास निस्कन्छ' भन्दै पार्टीहरूका गैह संवैधानिक सल्लाहरूमा पनि त्यो कार्यालय फस्न पुग्यो । हुँदा हुँदा स्थिति यस्तो बन्दैछ कि, प्रमुख दलले निर्णय गरेका कुराहरू नै (अन्तरिम) संविधानका धाराहरू सरह भएका छन् । यसरी मुलुक कतिदिन चल्छ ? यस्तो लठिभद्र चालले मुलुकलाई कतातिर लैजान्छ ? फेरि पनि भन्नु पर्ने हुन्छ कि, मुलुकलाई एउटा दह्रो र विश्वासिलो आधारको खाँचो छ । 'बगेको खोला फर्किँदैन' भनेपनि मुलुकको हितका लागि 'खोला पनि फर्काउने पर्छ ।' किनभने त्यो शक्ति नै यस्तो हो, जसले मुलुकमा सही अर्थमा संविधानको पालना गर्न र गराउन र अनुशासन कायम गर्न अनि राष्ट्रियता एवं प्रजातन्त्रको सुदृढिकरण गर्न गराउन सक्छ ? यो सत्यलाई कसैले पनि अस्वीकार नगरौं ।

## तीन हजार साधुबाबालाई बिदाई

काठमाडौं । महाशिवरात्रिका अवसरमा भारतलगायत मुलुकबाट पशुपतिनाथ आएका साधुबाबालाई मंगलबार बिदाइ गरिएको छ । पशुपति क्षेत्र विकास कोष र गुठी संस्थानले संयुक्त रूपमा करिब २५ सय साधुबाबालाई दानभेटीसहित बिदाइ गरेका हुन् । कोषको अवस्था र बाबाहरूको कोटीअनुसार दानदक्षिणा दिएर बिदाइ गरिएको कोषका सदस्य-सचिव सुशील नाहटाले बताए ।

शिवरात्रिका अवसरमा करिब चार हजार दुई सय साधुबाबा आएको अनुमान गरिए पनि बिदाइमा करिब तीन हजार सहभागी भएको नाहटाले जनाए । कतिपय साधुबाबा कुम्भ मेलामा जानका लागि सोमबार बिहानै गएको र गोरखनाथ बाबाहरूले बिदाइ नलिने परम्परा र हेकाले करिब तीन हजार मात्रै सहभागी भएको कोषको भनाइ छ । पशुपतिनाथ आएका साधुबाबालाई पाँच दर्जामा छुट्याएर दानभेटी दिइएको सदस्य-सचिव नाहटाले बताए । उच्चकोटीका मानिएका नागाबाबालाई गुठी संस्थानका तर्फबाट प्रतिव्यक्ति एक हजार एक सय ५१ र क्षेत्र विकास कोषका तर्फबाट सात सय ५१ रुपैयाँ तथा फलफूल र उपहार प्रदान गरिएको छ । ***सरला पौडेल (प्रशिक्षार्थी)***

**रोजगारीका लागि गरिने विज्ञापन वैदेशिक रोजगार विभागबाट स्वीकृति प्राप्त गरेका विज्ञापनलाई मात्र विश्वास गरौं र ठगीनबाट जोगिऔं ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

सम्पादक/प्रकाशक : देवेन्द्र वुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. ९८४१५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार